सन् २०१४ मानव अधिकार प्रतिवेदन : नेपाल

सारांश

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजनीतिक प्रणाली यहाँको अन्तरिम संविधान, २०६३ मा आधारित रहेको छ, जस अन्तर्गत कार्यकारी प्रमुखको रूपमा प्रधानमन्त्री र मुलुकको संसद्का रूपमा रहेको संविधानसभाबाट नयाँ संविधान निर्माण गर्ने व्यवस्था गरिएको छ । नोभेम्बर २०१३ मा सम्पन्न संविधानसभाको निर्वाचन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले विश्वसनीय, स्वतन्त्र र निष्पक्ष रहेको जनाए । जनवरी २१ मा नयाँ संविधानसभाको शपथ गराइयो । फेब्रुवरी ११ मा नेपाली कांग्रेस तथा नेकपा (एमाले) को नेतृत्वमा गठबन्धन सरकार बन्यो । सराकारी निकायहरूले सुरक्षा फौजहरूमाथि प्रभावकारी नियन्त्रण कायम गऱ्यो ।

स्थायी संविधान तथा सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको निरन्तर अनुपस्थितिले मुलुकको १० वर्षे द्वन्द्वकालमा भएका मानव अधिकार तथा मानवीय कानूनको उल्लङ्घनप्रतिको जवाफदेहिताको अभाव लगायतका मानव अधिकारका महत्वपूर्ण समस्याहरूलाई झन् चर्कायो । राष्ट्रपतिद्वारा मे ११ मा जारी गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगको स्थापना गर्ने कानून वर्षको अन्त्यसम्ममा सर्वोच्च अदालतमा विचाराधीन रहऱ्यो । अक्टोबर २० मा मानव अधिकारको अनुगमन गर्ने मुलुकको स्वतन्त्र निकाय राष्ट्रिय मानव अधिकार आयोगमा रिक्त रहेका पदहरूमा पाँच जना आयुक्तहरूलाई नियुक्त गरियो । राष्ट्रिय मानव अधिकार आयोगमा आयुक्तहरूको अनुपस्थितिले आयोगको प्रभावकारी रूपमा कार्य गर्ने क्षमतामा प्रभाव पर्नुका साथै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगको स्थापनामा ढिलाइ हुन गयो ।

अन्य मानव अधिकारसम्बन्धी समस्याहरूको हकमा बन्दीगृह तथा थुनुवा केन्द्रहरूको दयनीय अवस्था र प्रहरीले गर्ने व्यवहार थिए । अदालतहरू राजनीतिक दबाब, घुसखोरी र धम्कीको जोखिममा रहेको देखियो । सञ्चार माध्यममा दुर्व्यवहार र प्रेसमा सेल्फ सेन्सरशीपका समस्या देखिए । यदाकदा सरकारले भेला हुने स्वतन्त्रतामा बन्देज लगाएको पाइयो । सरकारले शरणार्थीहरूको स्वतन्त्रता, त्यसमा पनि विशेष गरी नेपालमा बसोबास गरिरहेका तिब्बतीहरूको स्वतन्त्रतालाई सीमित गऱ्यो । सरकारी निकायमा हुने भ्रष्टाचार एक समस्याका रूपमा रह्यो । महिला विरुद्ध भेदभाव एक समस्या छँदै थियो र साथै लैङ्गिकतालाई आधार बनाई भेदभाव गरिने नागरिकतासम्बन्धी कानून तथा नियमावलीहरूले राज्यविहीनताको अवस्थालाई थप सघाउ पुऱ्याएको देखियो । बलात्कार तथा दाइजोका कारणले हुने मृत्यु लगायत महिला विरुद्धको घरेलु हिंसा गम्भीर समस्याको रूपमा रहे । अनाथालयममा हुने भनी जानकारीमा आएको लगायत बालबालिका विरुद्धको हिंसा जारी रह्यो र त्यस विरुद्ध कानूनी कार्यवाही भने विरलै भए । यौन शोषणका लागि वयस्क तथा बालबालिकाको बेचबिखन उल्लेख्य समस्याको

रूपमा रहचो । अपाङ्गता भएका व्यक्ति, कथित तल्लो जातका व्यक्ति र केही जातीय समूह विरुद्धको भेदभाव जारी रह्यो भने एच्आईभी/एड्सबाट सङ्क्रमित मानिसहरू विरुद्धको भेदभाव र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरू विरुद्धको दुर्व्यवहार समेतले निरन्तरता पाए । कामदारका अधिकारहरूमा केही बन्देज लगाएको पाइयो । सरकारले श्रममा जबरजस्ती लगाउने तथा कमैया प्रथा रोकथाम गर्ने दिशामा निकै कम प्रगति हासिल गऱ्यो । यस्ता अभ्यासहरूलाई निषेधित गर्ने कानून भए तापनि यी प्रथाहरू प्रचलनमा रहिरहे । बाल श्रम उन्मूलन गर्ने दिशामा सरकारले सामान्य प्रगति हासिल गऱ्यो ।

कानून उल्लङ्घन गरेको आरोप लागेका सरकारी कर्मचारी तथा सुरक्षा निकायहरूलाई सरकारले नियमित रूपमा अनुसन्धान गर्दै जवाफदेही बनायो । यद्यपि, सङ्क्रमणकालीन न्यायसम्बन्धी निकायहरूको अभावमा कतिपय द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका घटनाहरूको हकमा कमै मात्र जवाफदेहिता रहेको पाइयो ।

खण्ड १ : व्यक्तिको स्वाभिमानको सम्मान तथा निम्न कुराबाट स्वतन्त्रता :

(क) स्वेच्छाचारी वा गैरकानूनी रूपमा जीवनबाट वञ्चित गर्ने

सरकार तथा उसका निकायहरूबाट स्वेच्छाचारी वा गैरकानूनी हत्याका घटनाहरू घटाइयो भन्ने आरोपहरू पनि प्रतिवेदन अवधिमा लागे । स्थानीय मानव अधिकार संस्था तराई मानव अधिकार रक्षक सञ्जाल (थर्ड एलायन्स) का अनुसार नेपाल प्रहरीद्वारा कम्तीमा तीन जना व्यक्ति मारिएका छन् भने राष्ट्रिय मानव अधिकार आयोगले दुई जना मारिएको जनाएको छ । नेपाल प्रहरीको मानव अधिकार ईकाई र नेपाली सेनाको मानव अधिकार ईकाईले आफूकहाँ स्वेच्छाचारी वा गैरकानूनी रूपमा जीवनबाट वञ्चित गरिएको बारे कुनै उजुरी नपरेको दाबी गरे ।

२ फेब्रुवरीमा महोत्तरी जिल्लामा प्रहरीले गोली प्रहार गरी स्थानीय मुसलमान सामुदायका अगुवा जका उल्लाहको हत्या गऱ्यो । पाँच जना व्यक्तिको अपहरण र लुटपाट र एकको हत्यामा उनी संलग्न भएको आशङ्कामा उनको खोजी भइरहेको थियो । प्रहरी प्रतिवेदनमा उल्लेख भएअनुसार उल्लाह दोहोरो भिडन्तमा मारिएका थिए । थर्ड एलायन्सले उक्त दाबीको प्रतिवाद गर्दै पीडित परिवारको तर्फबाट पुनरावेदन अदालतमा मुद्दा दायर गऱ्यो । विधिविज्ञान प्रमाण तथा साक्षीको बयान उल्लेख गर्दै उक्त गैरसरकारी संस्था (गैसस) ले यसबाट प्रहरी प्रतिवेदन बाझिने जनाएको छ । थर्ड एलायन्सको निवेदनको प्रत्युत्तरमा पुनरावेदन अदालतले जिल्ला प्रहरीको नाममा कर्तव्यज्यान मुद्दाको जाहेरी दर्ता गर्नू भनी आदेश जारी गऱ्यो । यो प्रतिवेदन तयार पार्दासम्म अनुसन्धान जारी रहेको छ ।

अगस्ट ६ मा प्रहरीको गोली लागी काठमाडौँमा फरार अपराधी दिनेश अधिकारी (“चरी”) को हत्या भयो । प्रहरीका अनुसार हत्या प्रयासमा संलग्न चरीको खोजी गर्ने क्रममा भाग्दै गरेका चरीले प्रहरी अधिकृतहरूमाथि गोली चलाए । गोली हानाहानको क्रममा अधिकृतहरूले चरीको हत्या गरेको प्रहरीले बतायो । केही मानव अधिकारवादी, परिवारजन तथा चरीका समर्थकहरूले प्रहरीले पूर्वनिधारित योजना बमोजिम हत्या गरी भिडन्तको नाटक मञ्चन गरेको भन्दै उक्त घटनाको स्वतन्त्र छानबिन हुनुपर्ने माग गरे । चरीका दाजुले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरी अदालतले प्रहरीलाई भाइको हत्यामा संलग्न व्यक्तिहरूको सम्बन्धमा छानबिन, अभियोजन तथा सजाय गर्न आदेश दिनुपर्ने माग राखे । प्रतिवेदन अवधिभर उक्त निवेदन विचाराधीन रह्यो । चरीका आफन्तहरूले राष्ट्रिय मानव अधिकार आयोग तथा स्थानीय मानव अधिकार अनुगमन समूहहरूमार्फत समेत कानूनी सहाराको याचना गरे ।

अगस्ट ६ मा सर्वोच्च अदालतले प्रमाणको कमी भएको भन्दै सन् २००४ मा रेडियो नेपालका पत्रकार डेकेन्द्र थापाको हत्याको आशङ्कामा पक्राउ परेका दुई व्यक्तिलाई रिहा गर्ने आदेश दियो । अक्टोबर २२ को दिनसम्म अन्य तीन शङ्कास्पद व्यक्तिहरू हिरासतमा रहेका थिए । सञ्चार माध्यमहरूका अनुसार हत्याका मुख्य साक्षीहरूले माओवादी नेताहरूबाट धम्की आएकोले आफ्नो बयान फिर्ता लिएका हुन् । नोभेम्बर ४ मा पाँचै अभियुक्तहरूको लागि आयोजित सुनुवाइमा जिल्ला अदालत दैलेखले वादी तथा प्रतिवादीलाई उक्त मुद्दा मे महिनामा लागु भएको कानून बमोजिमको सत्य निरूपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकारभित्र पर्नुपर्ने कि प्रचलित फौजदारी न्याय प्रणालीअन्तर्गत नै रहनुपर्ने भन्ने सम्बन्धमा लिखित राय पेश गर्ने आदेश दियो । अर्को सुनुवाइ १ डिसेम्बरका लागि निर्धारण गरियो । विगतका वर्षहरूमा माओवादी नेतृत्वको सरकारले उक्त मुद्दा संवेदनशील राजनीतिक प्रकृतिको भएको र केवल सत्य निरूपण आयोगले मात्र द्वन्द्वकालका मुद्दाहरू अनुसन्धान गर्नसक्ने दाबी गर्दै अनुसन्धानलाई रोक्ने प्रयास गरेको भन्ने पनि सुनियो । जनवरी २०१३ मा सर्वोच्च अदालतले उच्च सरकारी पदाधिकारीहरूलाई उक्त मुद्दामा हस्तक्षेप नगर्न आदेश जारी गऱ्यो ।

अन्य द्वन्द्वकालीन हत्याहरू अझै समाधान भएका छैनन् । सेप्टेम्बर २०१३ र अगस्टबीच गरिएका विभिन्न कार्यवाहीहरूमा सन् २००४ मा माओवादीद्वारा मारिएका भनिएका कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले १० जनालाई पक्राउ गरी अन्ततः धरौटीमा रिहा गऱ्यो । अन्य तीन जना शङ्कास्पद व्यक्तिहरू फरार छन् । अधिकारीका बाबुआमाले सरकारले आरोपित पीडकहरूलाई न्यायको कठघरामा ल्याउनुपर्ने माग गर्दै व्यापक प्रचारप्रसार पाएको आफ्नो आमरण अनसनलाई निरन्तरता दिए । अनसनमै रहँदा सेप्टेम्बर २२ मा अधिकारीका बाबुको निधन भयो । बाँकी शङ्कास्पद व्यक्तिहरूलाई पक्राउ गर्ने पुनःप्रतिबद्धता व्यक्त गरेपछि अधिकारीकी आमाले अक्टोबर १८ मा अनसन तोडिन् ।

सन् १९९८ मा उज्जनकुमार श्रेष्ठको हत्यामा दोषी ठहर भएका माओवादी नेता बालकृष्ण ढुङ्गेल उपर सन् २०११ मा सर्वोच्च अदालतले पक्राउ आदेश जारी गरे तापनि उनी अझै फरार छन् । सञ्चार माध्यमका अनुसार ढुङ्गेल माओवादीका पार्टीका औपचारिक कार्यक्रमहरूमा वर्षभरि देखा परिरहे ।

(ख) बेपत्ता

प्रतिवेदन अवधिभर सरकारी फौज बेपत्ता पार्ने कार्यमा संलग्न रहेको कुनै पनि जानकारी प्राप्त भएन ।

१० वर्षे माओवादी विद्रोह (सन् १९९६ - २००६) का अवधिमा बेपत्ता पारिएकाहरूको यथार्थ स्थिति थाहा हुन सकेन । राष्ट्रिय मानव अधिकार आयोगका अनुसार द्वन्द्वकालीन बेपत्ताका करिब ८४६ मुद्दाहरू समाधान हुन बाँकी छन्, जस मध्ये ६०६ मुद्दामा राज्यको संलग्नता हुनसक्ने विश्वास गरिएको छ । अक्टोबरसम्ममा सरकारले बेपत्ता गराउने कार्यमा संलग्न कुनै पनि वर्तमान वा पूर्व सरकारी अधिकारीमाथि कानूनी कार्यवाही चलाएन र राज्यद्वारा बेपत्ता पारिएका भनी आयोगले पहिचान गरेका ६०६ जनाको अवस्था सार्वजनिक गरेन । आयोगको प्रतिवेदन अनुसार विद्रोहका बेला बेपत्ता पारिएका समाधान हुन बाँकी १४६ वटा मुद्दाहरूमा माओवादी जिम्मेवार रहेको हुनसक्ने विश्वास गरिएको छ । अक्टोबरसम्ममा सरकारले बेपत्ता पार्ने कार्यमा संलग्न रहेकोमा कुनै पनि माओवादी उपर कानूनी कार्यवाही चलाएको थिएन । द्वन्द्वकालीन बेपत्तासम्बन्धी छानबिन गर्ने आयोगको स्थापना गर्ने कानूनलाई संविधानसभाले पारित गरी मे ११ मा त्यसमा हस्ताक्षर गरियो । सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना समेत गर्ने उक्त कानूनलाई सर्वोच्च अदालतले पुनरावलोकन गरिरहेको थियो । नोभेम्बरसम्म कुनै पनि निकायको स्थापना भएन ।

द्वन्द्वकालीन समयमा बेपत्ता भएका व्यक्तिहरूको कुल सङ्ख्या सामान्यतया स्थिर रहेको छ । अक्टोबरसम्ममा रेड क्रसको अन्तर्राष्ट्रिय समिति (आइसीआरसी) ले आफ्नो वेबसाइटमा हराएका १,३४७ जना व्यक्तिहरूको नामको सूची प्रकाशन गऱ्यो । गत वर्ष आइसीआरसीले १,३६० जनाको सूची प्रकाशित गरेको थियो । आइसीआरसीका अनुसार जनवरीबाट अगस्टसम्म पाँच नयाँ मुद्दाहरू दर्ता भए, १७ मुद्दाहरूसम्बन्धी कार्यवाही टुङ्ग्याइयो र पीडितको परिवारको आग्रहमा एउटा मुद्दा सार्वजनिक अभिलेखबाट हटाइयो ।

सन् २००३ मा जनकपुरमा पक्राउ परेपछि बेपत्ता भएका पाँच युवा सञ्जीवकुमार कर्ण, जीतेन्द्र झा, प्रमोद नारायण मण्डल, शैलेन्द्र यादव र दुर्गेश लाभसम्बन्धी आफ्नो अन्तिम प्रतिवेदन राष्ट्रिय मानव अधिकार आयोगले जुलाईमा सार्वजनिक गऱ्यो । डिएनए तथा विधिविज्ञान विश्लेषणको आधारमा राष्ट्रिय मानव अधिकार आयोगले धनुषा जिल्लामा गाडिएका शवहरूलाई यी युवाका शवका रूपमा पहिचान

गऱ्यो । उनीहरूको मृत्युलाई हत्याको संज्ञा दिँदै उक्त प्रतिवेदनले ती युवाहरूलाई गोली हानी हत्या गरिएको निष्कर्ष निकाल्यो । अन्तिम प्रतिवेदन सार्वजनिक गर्दा राष्ट्रिय मानव अधिकार आयोगले हत्यामा मुछिएका नेपाली सेना तथा नेपाल प्रहरीका अधिकृतहरू विरुद्ध सरकारले कार्यवाही गर्नुपर्ने आफ्नो पूर्ववत आह्वान दोहोऱ्यायो ।

(ग) यातना र अन्य क्रूर, अमानवीय, तथा अपमानजनक व्यवहार वा सजाय

अन्तरिम संविधान, २०६३ ले गरेको व्यवस्था विपरित यातनालाई स्पष्ट रूपमा अपराध घोषणा गरिएको छैन र कानूनमा अपराधीहरूलाई सजाय दिने सम्बन्धमा स्पष्ट मार्गदर्शन पनि छैन । यातना क्षतिपूर्ति ऐनले यातना पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ । पीडितले उजुरी हाली अदालतमा मुद्दा लड्नु पर्दछ ।

मानव अधिकारकर्मी तथा कानूनविदहरूका अनुसार प्रहरीले मूल रूपमा कुटपिट लगायत यातनाको प्रयोग गरी बलपूर्वक आरोप स्वीकार्न दिन लगायो । स्थानीय मानव अधिकारवादी गैसस एड्भोकेसी फोरमले मुलुकभर समग्र रूपमा यातनाका घटनाहरूमा कमी आएको जनायो । एड्भोकेसी फोरमका अनुसार तराई क्षेत्रमा र मुसलमान तथा दलित समुदायमाझ यातना विरुद्धको जाहेरी तुलनात्मक रूपमा उच्च रह्यो । थर्ड एलायन्सका अनुसार तराईका दुर्गम क्षेत्रहरूमा प्रहरीबाट हुने दुर्व्यवहारको अवस्थामा कुनै परिवर्तन आएन ।

थर्ड एलायन्सका अनुसार यातना पीडितहरू प्रायः उजुरी दर्ता गर्न हिचकिचाउँथे किनभने प्रहरी वा अन्य निकायहरूले उनीहरूलाई त्रास देखाउँथे र उनीहरूलाई प्रतिशोधको डर लाग्दथ्यो । यातनाको आरोप लागेका कतिपय मुद्दाहरू विश्वसनीय विशेषज्ञ प्रमाण र खास गरी मेडिकल कागजातको अभाव भएको भन्दै अन्ततः अदालतद्वारा अघि नबढाइएको थर्ड एलायन्सले बताएको छ । थर्ड एलायन्स तथा अन्य गैससहरूका अनुसार अदालतले क्षतिपूर्ति प्रदान गरेका वा प्रहरी विरुद्ध अनुशासन कार्यवाहीको आदेश दिएका मुद्दाहरूका हकमा अदालती फैसलाहरू विरलै कार्यान्वयन भएका छन् ।

थर्ड एलायन्सका अनुसार अगस्टको महिनासम्म उसले प्रहरी दुर्व्यवहारका आठ मुद्दाको अभिलेख गरेको थियो । यी आठमध्ये चार जाहेरीहरू नेपाल प्रहरी र क्षतिपूर्ति दाबीका लागि जिल्ला अदालतमा हालिएका थिए । जिल्ला अदालतले एउटा मुद्दाको सम्बन्धमा क्षतिपूर्ति प्रदान गरी अनुशासन कार्यवाहीको आदेश दिए तापनि अन्य तीन मुद्दाहरू विचाराधीन रहे । अन्य चार घटनाका सन्दर्भमा भने जाहेरी नै दायर गरिएन । एड्भोकेसी फोरमले अलग्गै यस वर्षको अगस्ट महिनासम्ममा कम्तीमा तीन मुद्दा नेपाल प्रहरीको मानव अधिकार ईकाईमा दायर गरेको जनायो । ती मुद्दाहरू सन् २००७ देखि

दायर भएका १४६ मुद्दाहरूको फेहरिस्तमा थपिएका हुन् । तीमध्ये ५९ मुद्दाहरूको समाधान भएको थिएन । अगस्ट महिनासम्ममा एड्भोकेसी फोरमले जिल्ला अदालतहरूमा तीन यातना क्षतिपूर्ति दाबी दायर गऱ्यो । विगतका वर्षहरूका विचाराधीन मुद्दाहरूमध्ये जिल्ला अदालतहरूले चार मुद्दाहरूको सम्बन्धमा क्षतिपूर्ति प्रदान गरे । अगस्ट महिनासम्ममा नेपाल प्रहरीको मानव अधिकार ईकाईले यातनासम्बन्धी पाँच र क्रूर, अमानवीय वा अपमानजनक व्यवहारसम्बन्धी छ वटा जाहेरीहरू प्राप्त भएको जनायो । यातनाको आरोप लागेको एउटा मुद्दा तथा क्रूर व्यवहारको आरोप लागेका छ वटै मुद्दाहरूको सन्दर्भमा अधिकारीहरूले आरोपित अधिकृतहरूलाई प्रशासनिक रूपमा दण्डित गरे । यातनाको आरोप लागेका अन्य चार मुद्दामा भने अधिकारीहरूले अभियुक्तहरूलाई सफाइ दिए ।

सञ्चार माध्यमको ध्यानाकर्षण गर्ने एउटा मुद्दामा यातनाको प्रयोग गरी तीन व्यक्तिलाई एक जनाको हत्या गरेको गलत दोष स्वीकार गर्न लगाइयो र ती व्यक्ति पछि जीवित फेला परे । फेब्रुवरी ११ मा प्रहरीले ओखलढुङ्गामा नोभेम्बर २०१३ देखि बेपत्ता आफ्ना छिमेकी ज्ञानबहादुर माझीको अपहरण तथा हत्या गरेको अभियोगमा पाँच व्यक्तिहरूलाई पक्राउ गऱ्यो । अभियुक्तहरूमध्ये दुई जनालाई प्रहरीले रिहा गऱ्यो भने अन्य तीन जना चित्रबहादुर माझी र उनका छोराहरू कमलबहादुर तथा सुरेन्द्रले हत्यामा आफू संलग्न रहेको व्यहोरा स्वीकारे । एप्रिलमा हत्या भएको भनिएका पीडित जीवित फेला परे । प्रहरीले तीन अभियुक्तहरूलाई रिहा गरी अनुसन्धान सुरु गऱ्यो । यातनाको प्रयोग गरी गलत स्वीकारोक्ति लिएका भनिएका प्रहरी अधिकृतहरू तथा अभियुक्तहरूलाई थुनामा राख्न षडयन्त्र गरेका भनिएका सर्वसाधारण विरुद्धका फौजदारी जाहेरी विचाराधीन रहे ।

महान्यायाधिवक्ताको कार्यालयको कारागार तथा थुनुवा केन्द्रबारे सन् २०१२ को अनुगमन प्रतिवेदन अनुसार थुनुवा केन्द्रमा रहेका १५ प्रतिशत थुनुवाहरूले दुर्व्यवहार भोगेका छन् । यस्ता दुर्व्यवहारमा थुनुवाको पैतालामा गार्डले आफ्नो हातले, मुड्कीले वा बाँसको लट्ठीले हिर्काउने वा पुलिस बुटले लात्तीले हिर्काउने लगायतका पर्छदन् । प्रतिवेदनमा २५ प्रतिशत थुनुवाले मौखिक दुर्व्यवहार र १० प्रतिशतले शारीरिक दुर्व्यवहार खेप्नुपरेको समेत उल्लेख गरिएको छ । प्रतिवेदनका अनुसार धेरै थुनुवाहरूले आफूहरूले निर्देशन पालना नगरेको कारण दुर्व्यवहार भोग्नु परेको बताए ।

एड्भोकेसी फोरमको एक प्रतिवेदन अनुसार सन् २०१३ मा अन्तर्वार्ता लिइएका ३,६६२ थुनुवामध्ये अन्दाजी १७ प्रतिशतले कुनै न कुनै प्रकारको शारीरिक दुर्व्यवहार भोगेको जनाए । नेपाल प्रहरीको मानव अधिकार ईकाईका अनुसार बहुसङ्ख्यक आरोपित घटनाहरू औपचारिक रूपमा दर्ता नभएका कारण तिनीहरूमाथि अनुसन्धान भएन ।

अगस्टसम्ममा गैसस बाल मजदुर सरोकार केन्द्र नेपाल (सिविन नेपाल) ले सुरक्षा फौजद्वारा बालबालिकामाथि शारीरिक तथा मानसिक दुर्व्यवहार भएका तीन वटा घटनाको अभिलेख राखेको थियो । थर्ड एलायन्सका अनुसार मे महिनामा प्रहरीले नेपालगञ्जमा एक १४-वर्षीया किशोरी र उनकी आमालाई चोरीको आरोपमा पक्राउ परेपछि कुटपिट गऱ्यो ।

कारागार र थुनुवा केन्द्रको स्थिति

विभिन्न मानव अधिकार समूह र कारागार तथा थुनुवा केन्द्रसम्बन्धी महान्यायाधिवक्ताको कार्यालयको सन् २०१२ को अनुगमन प्रतिवेदन अनुसार कारागारको अवस्था र त्यसमा पनि खास गरी पुर्पक्षका थुनुवाहरूलाई राख्न प्रयोग हुने थुनुवा केन्द्रको अवस्था दयनीय थियो र अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको थिएन ।

भौतिक अवस्था : कारागार व्यवस्थापन विभागका अनुसार जुलाई १५ सम्ममा १०,६०८ जना व्यक्ति अट्ने गरी निर्माण गरिएका ७४ कारागारहरूमा १७,५८९ जना अभियुक्त कैदीहरू राखिएका थिए । कैदीहरूमध्ये १,२६४ जना महिला, ८० जना बन्दी बाबुआमाका आश्रित बालबालिका र ९७४ जना विदेशी नागरिकहरू थिए । सामान्यतया निकायहरूले पुर्पक्षका थुनुवाहरू र अभियुक्त कैदीहरूलाई छुट्टाछुट्टै राखेका थिए । भक्तपुर, कास्की र मोरङ जिल्लामा गरी सरकारद्वारा सञ्चालित जम्मा तीन वटा बाल सुधार गृह थिए, जहाँ अभियुक्त बालबालिकाहरूले आफ्नो कैद काटिरहेका थिए । पर्याप्त बाल सुधार केन्द्रहरूको अभावमा अधिकारीहरूले कहिलेकाहीँ पुर्पक्षका अभियुक्त बालबालिकाहरूलाई वयस्क कैदीहरूसँगै राखे वा बालबालिकाहरूलाई आफ्ना कैदी बाबुआमासँगै कारागारमा रहन दिए । अधिकारीहरूले बालबालिकाको उमेर ढाँटी उनीहरूलाई वयस्कहरूसँग कैद गर्न सकियोस् भनी उनीहरूको वास्तविक उमेर बढाएर दर्ता गरे भन्ने पनि सुन्नमा आयो ।

महान्यायाधिवक्ताको कार्यालयको सन् २०१२ को प्रतिवेदनका अनुसार कारागार अधिकारीहरूले कानूनबमोजिम गम्भीर अपराधीहरूबाट सामान्य अपराधीहरूलाई नछुट्याए तापनि सबै थुनुवा केन्द्र र कारागारमा पुरुष र महिलाका लागि छुट्टाछुट्टै व्यवस्था गरिएको थियो ।

थर्ड एलायन्सका अनुसार थुनुवा केन्द्रहरूमा क्षमताभन्दा बढी थुनुवाहरू राख्ने कार्य गम्भीर समस्याका रूपमा रहे तापनि प्रहरीले नयाँ थुनुवा केन्द्रहरू खोलेकाले केही सुधार भने भएको छ । जुलाईको महिनासम्ममा क्षमताभन्दा बढी कैदीहरू राख्ने समस्या बाँके जिल्ला कारागारमा सबैभन्दा गम्भीर रह्यो । १५० जना अटाउने गरी निर्माण गरिएको उक्त कारागारमा ४८६ कैदीहरू रहेका थिए ।

महान्यायाधिवक्ताको कार्यालयको प्रतिवेदनअनुसार कारागार र थुनुवा केन्द्रहरूमा सरसफाइको अवस्था अत्यन्त नाजुक रहे तापनि कैदीहरूले प्रायःजसो गार्डहरू तथा स्थानीयहरूले पिउने पानी नै पिउने गर्थे । साथै प्रतिवेदनका अनुसार थुनुवा केन्द्रका ९० प्रतिशत थुनुवाहरूको पक्राउ परेको २४ घण्टाभित्रै कानूनबमोजिम स्वास्थ्य जाँच गरियो र आवश्यक परेको कुनै पनि समयमा थुनुवाहरूलाई स्थानीय अस्पतालमा पहुँच थियो । तर चिकित्सकहरूले कानूनले आवश्यक ठहराएबमोजिम स्वस्थ थुनुवाहरूको नियमित स्वास्थ्य जाँच नगरेको कुरा प्रतिवेदनमा उल्लेख छ । थुनुवा केन्द्रका अवस्थाहरूको अनुगमन गर्ने एड्भोकेसी फोरम तथा थर्ड एलायन्सका अनुसार सामान्यतया स्वास्थ्य जाँचहरू लापर्बाहीपूर्ण थिए । एड्भोकेसी फोरमका अनुसार गम्भीर अवस्थाका थुनुवाहरूका लागि स्वास्थोपचारको व्यवस्था दयनीय थियो । केही थुनुवाहरूको फिल्टर नगरिएको र फोहर पानीमा मात्र पहुँच तथा खाना पनि अपर्याप्त थियो । एड्भोकेसी फोरमका अनुसार कतिपय थुनुवा कोठाहरूमा थोरै मात्र हावा र प्रकाश छिर्ने र ओछ्यानको सुविधा दयनीय थियो ।

सिविन-नेपालका अनुसार वयस्क केन्द्रहरूमा राखिएका बालबालिकाहरूले वयस्क थुनुवाहरूबाट प्रायः दुर्व्यवहार भोग्ने गरेका थिए भने प्रहरीको खराब व्यवहारको समेत शिकार बनेका थिए । सरसफाइको अवस्था दयनीय थियो र प्रायःजसो प्रहरी तथा वयस्क थुनुवाहरू बालबालिकाहरूलाई शौचालय सफा गर्न लगाउँथे ।

<u>प्रशासन</u> : एड्भोकेसी फोरम तथा थर्ड एलायन्सका अनुसार थुनुवा केन्द्रहरूमा अभिलेख राख्ने व्यवस्था कमजोर हुनुका साथै पक्राउसम्बन्धी अभिलेख प्रायः झुठो रहेको थियो । एड्भोकेसी फोरमका अनुसार केही केन्द्रहरूमा भने विगतका वर्षहरूमा सुधार हुँदै आएको छ । गैर-हिंस्रक अपराधीका लागि कैद सजाय बाहेक अन्य वैकल्पिक व्यवस्था थिएन । कैदी र थुनुवाहरूलाई आगन्तुकहरूसँग भेट्न पाउने न्यायोचित पहुँच थियो र उनीहरूलाई आफ्ना धार्मिक चाडपर्व मनाउन दिइएको पाइयो ।

राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन प्रतिवेदनका अनुसार कैदी तथा थुनुवा केन्द्रहरूले कैदीहरूलाई स्थापित प्रक्रियाहरूमार्फत उजुरी पेश गर्न दिएका छन् । यद्यपि, एड्भोकेसी फोरमका अनुसार डर, त्रास, धम्कीका कारण थुनुवाहरूका लागि उजुरी गर्ने सम्भावना निकै कम छ । अधिकारीहरूले गैसस वा अन्तर्राष्ट्रिय संस्थाहरूले आफ्नो ध्यानाकर्षणमा ल्याएका उजुरी उपर शीघ्र कार्यवाही प्रक्रिया चलाउँथे । कैदीहरूका उजुरी बुझ्नका लागि कारागारमा कुनै अधिकारी राखिएका थिएनन् ।

<u>स्वतन्त्र अनुगमन</u> : सरकारले सामान्यतया स्वतन्त्र मानव अधिकार पर्यवेक्षकहरूलाई पुर्पक्षका थुनुवाहरूलाई राख्न प्रयोग हुने थुनुवा केन्द्रहरूको भ्रमण गर्न गर्न दिएको पाइयो । कहिलेकाहीँ थुनुवा केन्द्रका अधिकारीहरूले भ्रमणको समयमा उनीहरूलाई थुनुवाहरूको अन्तर्वार्ता लिने अनुमति दिएनन् ।

अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई दोषी ठहर भएकाहरूले सजाय काटिरहेका कारागारहरूको भ्रमणको लागि अनुमति प्राप्त गर्न कठिन थियो । सरकारले सामान्यतया महान्यायाधिवक्ता र स्वतन्त्र संवैधानिक निकाय राष्ट्रिय मानव अधिकार आयोगलाई पूर्व सूचना बिना कारागार तथा सैनिक र प्रहरी हिरासतमा राखिएका थुनुवाहरूलाई भेट्ने अनुमति दिएको पाइयो । राष्ट्रिय मानव अधिकार आयोगले सरकारी कार्यवाहीका लागि अनुरोध गर्नसक्ने भए तापनि सरकारले प्रायःजसो आयोगको अनुरोधलाई अस्वीकार गरेको पाइयो ।

सुधारहरू : केही जिल्लाहरूमा सरकारले महिला तथा बालबालिकाहरूका लागि छुट्टाछुट्टै थुनुवा केन्द्र भवनहरू निर्माण गरेको छ, जब कि विगतमा महिला तथा बाल कैदीहरूका लागि मुश्किलले अलगअलग कोठाहरू हुने गर्थे । कारागारहरूमा भीडभाडको समस्यालाई समाधान गर्न सरकारले जुलाई २०१३ देखि जुलाई २०१४ का बीचमा पाल्पा, रसुवा तथा सिन्धुपाल्चोक जिल्लाका केन्द्रहरूमा केही पूर्वाधार निर्माण गरेको छ ।

(घ) स्वेच्छाचारी पक्राउ वा थुना

कानूनले स्वेच्छाचारी पक्राउ र थुनालाई निषेध गरेको छ तर सुरक्षा फौजले वर्षभरि स्वेच्छाचारी पक्राउहरू गरेका खबरहरू आए । कानूनले प्रमुख जिल्ला अधिकारी (प्रजिअ) लाई पक्राउ गर्न सक्ने अधिकारका सम्बन्धमा धेरै छुट दिएको छ र मानव अधिकार समूहहरूका अनुसार प्रहरीले २४ घण्टासम्म अभियुक्तलाई थुनामा राख्न पाउने आफ्नो अधिकारको दुरुपयोग गरेको छ । कुनैकुनै अवस्थामा कानूनी सल्लाहकार बिना नै खाना, औषधि र पर्याप्त सुविधाहरू अभियुक्तहरूलाई थुनामा राखिएको छ ।

नेपाल प्रहरीको मानव अधिकार ईकाईका अनुसार अगस्ट महिनासम्ममा स्वेच्छाचारी पक्राउ वा थुनाका चार उजुरीहरू प्राप्त भए । यी सबै मुद्दाहरूको सन्दर्भमा अधिकारीहरूले आरोपित अधिकृतहरूलाई प्रशासनिक रूपमा कार्यवाही गरे ।

मे ५ मा धनुषा जिल्लामा ६५ वर्षीय एक स्थानीयवासीले आफ्ना गाउँका अर्का स्थानीयवासीले आफ्नी छोरीलाई भारतमा लगेर बेचेको भनी उनका विरुद्ध जाहेरी हालेपछि एक प्रहरी अधिकृतले पक्राउ पुर्जी बिना नै उनलाई थुने । मदिरा सेवन गरेका निज अधिकृतले ती व्यक्तिलाई जबरजस्ती जाहेरी फिर्ता लिन लगाउनका लागि गम्भीर कुटपिट र मानसिक यातना दिए भन्ने थर्ड एलायन्सको आरोप छ । प्रहरीले उनलाई कुनै अभियोग नलगाई वा अदालतसामु पेश नगरी भोलिपल्ट रिहा गऱ्यो । मानव अधिकार रक्षकहरूले अदालतमा यातना दाबी पेश गरेकोमा उक्त दाबीहरू वर्षको अन्तसम्म विचाराधीन रह्यो ।

प्रहरी तथा सुरक्षा संयन्त्रको भूमिका

नेपाल प्रहरी देशमा शान्ति र अमन चयन कायम गर्नको लागि जिम्मेवार निकाय हो भने सशस्त्र प्रहरी बलको जिम्मेवारी अन्तर्गत आतङ्कवाद विरुद्ध लड्ने, दङ्गा र सार्वजनिक अशान्तिका बेला सुरक्षा प्रदान गर्ने, प्राकृतिक प्रकोपका बेला सहयोग प्रदान गर्ने र महत्वपूर्ण पूर्वाधार तथा सार्वजनिक पद धारण गरेका व्यक्तिलाई र सीमा क्षेत्रमा सुरक्षा प्रदान गर्ने रहेका छन् ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका मानव अधिकार उल्लङ्घनका घटनाहरू हेर्ने ईकाईहरू छन् । नेपाली सेना र नेपाल प्रहरीका मानव अधिकार ईकाईसँग अनुसन्धान गर्ने स्वतन्त्र अधिकार छन् । मानव अधिकारवादी गैससहरूका अनुसार नेपाली सेनाका अनुसन्धानहरू पूर्ण रूपमा पारदर्शी थिएनन् । नेपाली सेनाको मानव अधिकार ईकाईका अधिकारीहरूले बताएअनुसार लगभग सबै मुद्दा द्वन्द्वकालबाट आएका थिए र क्रियाशील सत्य निरूपण तथा मेलमिलाप आयोग भएको अवस्थामा मात्र ती मुद्दाहरू बारे पूर्ण रूपमा खुलासा गरिनु पर्दछ । नेपाल प्रहरीले पारदर्शिता वृद्धि गर्न, खास गरी द्वन्द्वोत्तर मुद्दाहरूको पारदर्शिता कायम गर्नका लागि मानव अधिकारकर्मीहरूसँगको सहकार्यको प्रयत्नलाई बढायो । नेपाल प्रहरीको भनाइमा द्वन्द्वकालका आरोपित दुर्व्यवहारहरूलाई क्रियाशील सत्य निरूपण तथा मेलमिलाप आयोग भएको अवस्थामा सम्बोधन गरिनु पर्दछ । सन् २०१३ जुलाईदेखि सन् २०१४ जुलाईसम्म नेपाल प्रहरी मानव अधिकार ईकाईले ५८ वटा उजुरी परेको र २० जना प्रहरी अधिकृतलाई सजाय भएको रिपोर्ट गऱ्यो । नेपाली सेनाको मानव अधिकार ईकाईका अनुसार उसले नेपाली सेनाका १७७ जना अधिकारीलाई मानव अधिकार उल्लङ्घनका लागि कार्यवाही गरिएको छ । सबै सुरक्षा फौजले संयुक्त राष्ट्रसंघीय शान्ति मिशनको लागि तैनाथ गराउनुपूर्व मानव अधिकारसम्बन्धी तालिम प्रदान गरे । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका मानव अधिकार ईकाईले आफ्ना संस्थाका प्रत्येक व्यक्तिलाई तालिम प्रदान गरे । सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका मानव अधिकार ईकाईहरूले करिब सबै प्रहरी अधिकृतलाई मानव अधिकारका उत्कृष्ट अभ्याससम्बन्धी पुस्तिका वितरण गरे ।

विशेष गरी निम्न तहका र न्यून तलब प्राप्त गर्ने प्रहरीमा भ्रष्टाचार देखियो भने प्रहरी दुर्व्यवहारका सम्बन्धमा दण्डसजायको अभाव समस्याको रूपमा रहच्यो ।

पक्राउ प्रक्रिया र थुनामा रहँदा गरिएको व्यवहार

स्वेच्छाचारी पक्राउ : कानूनले किटान गरेअनुसार सुरक्षा व्यवस्थामा खलल र लागुऔषधको कारोबारको शङ्का भएका मुद्दा वा तीन वर्षभन्दा बढी कैद सजाय हुनसक्ने अपराधमा बाहेक प्रहरी प्रशासनले कुनै पनि व्यक्तिलाई पक्राउ गर्न पूर्व पक्राउ पुर्जी प्राप्त गर्नुपर्छ र पक्राउ गरेको व्यक्तिलाई २४ घण्टाभित्र (बाटोको म्याद बाहेक) अदालतमा प्रस्तुत गर्नुपर्छ ।

यदि अदालतले थुनालाई मान्यता दिएको खण्डमा कानूनले सामान्यतया २५ दिनसम्म थुनामा राखी अनुसन्धान पूरा गर्ने अधिकार प्रहरीलाई दिएको छ । विशेष मुद्दाहरूमा (जस्तै, आतङ्ककारी गतिविधिमा संलग्न रहेको आशङ्का) शङ्कास्पद व्यक्तिलाई छ महिनासम्म थुनामा राख्न सकिन्छ । अन्तरिम संविधान, २०६३ ले अभियोग दर्ता नभइसकेको अवस्थामा पनि थुनुवालाई आफ्नो रोजाइको वा राज्यद्वारा बन्दोबस्त गरिएको वकिल राख्न पाउने व्यवस्था गरेको छ । थोरै थुनुवाहरूसँग मात्र आफ्नै वकिल राख्नसक्ने क्षमता रहेको पाइयो ।

थुनुवाहरूसँग उनीहरूलाई आफ्ना परिवारका सदस्यले भेट्न पाउने कानूनी अधिकार छ तर व्यवहारमा भने यसको अभ्यास प्रहरीले कारागार पिच्छे फरक गरेको पाइयो । धरौटीमा छुट्न सक्ने व्यवस्था भए पनि धरौटीको रकम अधिकांश नागरिकहरूका लागि निकै धेरै थियो ।

पुर्पक्षका लागि राखिने थुना : पुर्पक्षका लागि राखिने थुनाको अवधिलाई कसुर ठहर पछि दिइएको अवधिबाट कटाइयो तर पुर्पक्षका लागि राखिने थुनाको अवधि कहिलेकाँही अदालती कार्यवाही र कसुर ठहर पछि हुने अवधिभन्दा बढी हुने गऱ्यो ।

सार्वजनिक सुरक्षा ऐन बमोजिम सुरक्षा बलहरूले आन्तरिक सुरक्षा र शान्ति, अरु देशसँगको सौहार्द सम्बन्ध तथा नागरिक-नागरिक बीचको तथा वर्ग र धर्म बीचको सम्बन्धमा खलल गर्ने कार्यमा संलग्न व्यक्तिलाई पक्रन सक्दछन् । कानूनले व्यवस्था गरेबमोजिमका शर्तहरूको पालना गरी सरकारले १२ महिनासम्म नागरिकलाई बिना अभियोग निवारक नजरबन्दमा राख्न सक्दछ । ऐन बमोजिम निवारक नजरबन्दमा अदालतको कुनै वास्तविक कानूनी भूमिका हुँदैन ।

सार्वजनिक अपराधसम्बन्धी ऐन लगायतका अन्य कानूनले बिना अभियोग २५ दिनसम्म थुनामा राख्न पाउने अधिकार दिएको छ र सो अवधिलाई थप्नसक्ने व्यवस्था पनि गरेको छ । यस ऐनले शान्ति खलबल्याउने, तोडफोड, हुलदङ्गा र झगडा जस्ता अपराधलाई समेट्छ । मानव अधिकार अनुगमनकर्ताहरूले प्रमुख जिल्ला अधिकारीसँग चाहिनेभन्दा बढी तजबिजी अधिकार रहेकोमा चिन्ता जाहेर गरे ।

एड्भोकेसी फोरमका अनुसार केही घटनाका थुनुवाहरूलाई कानूनले दिएको २४ घण्टा समयावधिको निकै पछि मात्र न्यायिक निकायसमक्ष प्रस्तुत गरियो र थुनुवालाई गरिएको कुटपिटको घाउ निको हुनका लागि सो समय लिइएको आरोप छ । प्रहरीले आफू थुनुवालाई अदालतसामु पेश गर्न तयार भएको खण्डमा मात्र थुनुवाको नाम दर्ता गरी बारम्बार २४ घण्टा समयावधिको कानूनी आवश्यकतालाई पन्छाउने गरेको कुरा थर्ड एलायन्सले उल्लेख गरेको छ ।

(ङ) निष्पक्ष सार्वजनिक सुनुवाइबाट वञ्चित

कानूनले स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरेको छ तर अदालतहरू राजनीतिक दवाब, घुसखोरी र धम्कीको जोखिम झेल्दै रहे । सर्वोच्च अदालतसँग कानूनहरू संविधानसम्मत भए नभएको पुनरावलोकन गर्ने अधिकार छ । पुनरावेदन र जिल्ला अदालतहरूले धेरै मुद्दाहरूमा स्वतन्त्रता र निष्पक्षता प्रदर्शन गरे, तर पनि कहिलेकाहीँ उनीहरू राजनीतिक दवाबबाट प्रभावित रहे । मे २७ मा सरकारले सर्वोच्च अदालतमा आठ जना न्यायाधीशहरू नियुक्त गऱ्यो, जसमध्ये केहीलाई विगतमा भ्रष्टाचारमा संलग्न रहेको आरोप लागेको थियो । सर्वोच्च अदालतका तीन संयुक्त इजलासले यीमध्ये एक न्यायाधीशले भ्रष्टाचारको आरोप लागेका प्रतिवादीहरूका मुद्दामा दोषी नभएका भनी फैसला गरेकाले निज विरुद्ध अनुशासन कार्यवाही हुनुपर्ने भनी पहिले नै सिफारिस गरेको थियो । कुनै पनि कार्यवाही भएन र सर्वोच्च अदालतको मनोनयनमा परेका अन्य न्यायाधीशहरू विरुद्ध लागेको भ्रष्टाचारको आरोपसम्बन्धी पनि कुनै अनुसन्धान भएन ।

सरकारी कर्मचारीहरूले अदालतका आदेशहरूको सम्मान र कार्यान्वयन निरन्तर रूपमा गरेनन्, जसमध्ये सर्वोच्च अदालतका निर्णयहरू र खास गरी माथि चर्चा गरिएका द्वन्द्वकालीन मुद्दाहरूसँग सम्बन्धित निर्णय समेत थिए ।

मुद्दा प्रक्रिया

कानूनले कानूनी सल्लाहाकार राख्न पाउने अधिकार, कानूनको नजरमा समान सुरक्षा, एउटै कसुरमा एउटै व्यक्तिलाई दुई पटक मुद्दा चलाउन नपाइने, भूतलक्षी कानूनको प्रयोगबाट सुरक्षा र सार्वजनिक सुनुवाइका व्यवस्थाहरू प्रदान गरे तापनि यी अधिकारहरू समान रूपमा प्रयोग भएनन् । मानव बेचबिखन र लागु औषध ओसारपसार जस्ता प्रमाणको भार प्रतिवादीमा हुने खालका केही मुद्दाहरूमा बाहेक प्रतिवादीहरूसँग निर्दोषिताको अनुमानको अधिकार हुन्छ । न्यायाधीशहरूले मुद्दाको किनारा लगाउँछन्, न्यायमण्डलीको व्यवस्था छैन । कानूनले थुनुवालाई कानूनी प्रतिनिधित्वको तथा अदालतद्वारा नियुक्त वकिल, सरकारी वकिल वा निजी वकिल राख्न पाउने अधिकार प्रदान गरेको छ । सरकारले निवेदन गरेकालाई मात्र कानूनी सल्लाहाकारको व्यवस्था गऱ्यो । यसका कारण आफ्ना अधिकारहरूका

बारे जानकारी नभएका व्यक्तिहरू कानूनी प्रतिनिधित्वबाट वञ्चित हुन सक्दछन् । प्रतिवादी वकिलहरूले अभियोक्ताहरूलाई जिरह गर्नसक्छन् । कानून अनुसार प्रतिवादी वकिलहरूसँग सरकारसँग भएका प्रमाणमाथि पहुँच गर्ने अधिकार हुन्छ तर उनीहरूलाई त्यस्तो किमिमको पहुँच प्राप्त गर्न निकै कठिन पर्‍यो । सफाइ लगायत तल्लो अदालतका सम्पूर्ण निर्णयहरूमाथि पुनरावेदन हाल्न मिल्छ । मुद्दाहरूको लागि अन्तिम सुनुवाइ गर्ने निकाय सर्वोच्च अदालत हो ।

सैनिक व्यक्ति संलग्न मुद्दामा सैनिक अदालतले सैनिक ऐन अन्तर्गत फैसला गर्दछन् र त्यस्तो संहिताले सैनिक व्यक्तिलाई गैरसैनिक सरह अधिकारको व्यवस्था गरेको छ । नागरिकसँग सम्बन्धित हत्या वा बलात्कारका मुद्दामा बाहेक सैनिक व्यक्तिहरू विरुद्धको मुद्दा नागरिक अदालतमा चल्दैन । नेपाली सेनाले द्वन्द्वका बेला सुरक्षा फौजद्वारा भएका मानव अधिकार हननका मुद्दाहरू नागरिक अदालतमा सुनुवाइ गर्नु हुँदैन भन्ने तर्क राखेको छ । नेपाली सेनाले गरेको यस्तो कानूनको व्याख्यासँग मानव अधिकारकर्मीहरू सहमत छैनन् र सर्वोच्च अदालतका निर्णयहरूसङ्गत पनि छैन । सैनिक अदालतले सैन्य सेवासँग सम्बन्धित मुद्दा भए तापनि साधारण नागरिकमाथि मुद्दा चलाउन पाउँदैन र त्यस्ता मुद्दाहरू नागरिक अदालतबाट नै हेरिनु पर्दछ ।

राजनीतिक बन्दी र थुनुवाहरू

राजनीतिक बन्दी वा थुनुवाहरू बारे कुनै जानकारी प्राप्त भएन ।

देवानी न्यायिक प्रक्रिया र उपचार

व्यक्ति वा संस्थाहरूले राष्ट्रिय अदालतहरूमा मानव अधिकार उल्लङ्घनका लागि उपचार खोज्न सक्थे । यदि सबै आन्तरिक कानूनी विकल्पहरू समाप्त भएको खण्डमा व्यक्तिहरूले संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद् (युएन्एच्आरसी) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमा न्याय खोज्न सक्छन् ।

सम्पत्ति फिर्ता

माओवादी र उसका सम्बद्ध संस्थाहरूले गृह युद्धको अन्त्य गर्ने बृहत् शान्ति सम्झौता, २०६३ ले व्यवस्था गरेबमोजिम पहिले कब्जा गरिएको केही सम्पत्ति फिर्ता दिए तर अन्य गैरकानूनी रूपमा कब्जा गरिएका जग्गा र सम्पत्ति भने फिर्ता दिएनन् । कार्टर सेन्टरले अगस्ट २० मा प्रकाशित गरेको एक प्रतिवेदनका अनुसार उल्लेखनीय मात्रामा द्वन्द्वकालदेखिका जग्गासम्बन्धी विवाद सुल्झिन बाँकी नै छन् ।

(च) गोपनीयता, परिवार, घर वा पत्राचारमाथि स्वेच्छाचारी हस्तक्षेप

आपराधिक घटना घटेको विश्वसनीय आधार भएमा प्रहरीलाई बिना पुर्जी खानतलासी र बरामद गर्ने अधिकार कानूनले दिएको छ । त्यस्तो अवस्थामा दुई वा सोभन्दा बढी "असल चरित्र" भएका व्यक्तिको उपस्थितिमा खानतलासी गरिनु पर्दछ । यदि प्रहरी अधिकृतलाई शङ्कास्पद व्यक्तिसँग भौतिक प्रमाण भएको विश्वसनीय आधार भएको लागेमा सो प्रहरी अधिकृतले अर्को प्रहरी कार्यालयलाई लिखित निवेदन पेश गर्नु पर्दछ र खानतलासी गर्दा कम्तीमा पनि प्रहरी सहायक निरीक्षक तहको अर्को अधिकृत उपस्थित हुनु पर्दछ ।

कानूनले गोपनीयता, परिवार, घर वा पत्राचारमाथिको स्वेच्छाचारी हस्क्षेपलाई प्रतिबन्धित गरेको छ । सरकारले सामान्यतया यी प्रतिबन्धहरूलाई व्यवहारमा सम्मान गरे तापनि सरकारको काठमाडौँ सडक विस्तार योजना अन्तर्गत घर भत्काउने क्रममा आवश्यक प्रक्रियाको राम्ररी पालना नभएको गुनासाहरू आए ।

खण्ड २ : नागरिक स्वतन्त्रताको सम्मान :

(क) वाक् तथा प्रेस स्वतन्त्रता

कानूनले वाक् तथा प्रेस स्वतन्त्रताको व्यवस्था गरेको छ र सरकारले सामान्यतया यी अधिकारहरूको सम्मान गरेको पाइयो । केही अवस्थामा कानूनलाई प्रभावकारी रूपमा लागु गर्न सरकार असमर्थ रहचो ।

<u>वाक् स्वतन्त्रता</u> : सामान्यतया नागरिकहरूले आफ्ना विचारहरू स्वतन्त्र रूपमा प्रकट गर्न पाएको अनुभव गरे । नागरिकहरूले अक्सर बिना बन्देज छापा तथा विद्युतीय सञ्चार माध्यममा आलोचनात्मक विचारहरू व्यक्त गरे । सरकारले तिब्बती समुदायका मानिसहरूको वाक् स्वतन्त्रतालाई भने सीमित पाऱ्यो ।सामुदायिक भेला तथा सार्वजनिक प्रदर्शनहरू तिब्बती स्वतन्त्रताको मागका लागि गरिने आशङ्कामा सरकारले तिनलाई प्रतिबन्धित गऱ्यो । मे महिनामा प्रहरीले एक विदेशी नागरिकलाई "टिम टिबेट" लेखिएको ज्याकेट लगाएको कारण थुनामा राख्यो । प्रहरीले उक्त विदेशी नागरिकलाई केही घण्टापछि बिना अभियोग थुनामुक्त गऱ्यो ।

प्रेस स्वतन्त्रता : स्वतन्त्र सञ्चार माध्यमहरू सक्रिय रहे र केही अवस्थामा बाहेक निर्बाध रूपमा आफ्ना विचारहरू व्यक्त गरे । कान्तिपुर दैनिकले जुन महिनामा दुई असम्बन्धित लेखहरू प्रकाशन गरेकोमा अदालतको अपहेलना गरेको आरोप खेप्नुपऱ्यो । सरकारले उक्त लेखहरूले न्यायाधीशहरूको मानहानी गरेको तथा अदालतको मर्यादा तथा निष्ठामा आँच पुऱ्याउने काम गरेको दाबी गऱ्यो । तीमध्ये पहिलो समाचारमूलक लेख थियो, जसमा सुन तस्करीका मुख्य अभियुक्तहरूलाई सामान्य तारेखमा छोड्ने र सुन ओसारपसार गर्ने क्रममा फेला परेका ट्याक्सी चालकलाई थुनामा राख्ने अदालतको आदेशको आलोचना गरिएको थियो । दोस्रो लेख सम्पादकीय थियो, जसमा विवादास्पद न्यायाधीशहरूको सर्वोच्च अदालतमा नियुक्तिको आलोचना गरिएको थियो र यसले न्यायपालिकाको वैधतालाई नजरअन्दाज गर्छ भन्ने तर्क गरिएको थियो । जुलाई २७ मा सरकारले सदनमा अदालतको अपहेलनासम्बन्धी विधेयक दर्ता गऱ्यो । सञ्चार माध्यम तथा मानव अधिकारवादी संस्थाहरूले उक्त विधेयकले अदालतमाथि सञ्चार माध्यमको निगरानीमा अंकुश लगाउनसक्ने तर्क गरे । विधेयकका केही प्रावधानहरूको आलोचना भएपछि संविधानसभा, सरकार र प्रमुख राजनीतिक दलहरूले विधेयक पारित गर्नुअघि त्यस बारे सर्वसाधारणको राय बुझ्ने निर्णय गरे ।

हिंसा र दुर्व्यवहार : पत्रकारहरूमाथि हिंसा र दुर्व्यवहारका थुप्रै घटनाहरू भए । मार्चको सुरुताका पत्रकार केपी ढुङ्गानालाई मृत्युधम्की प्राप्त भयो । उनले वृद्धवृद्धा राख्ने एक गृहमा भएको भनिएको दुर्व्यवहार तथा अन्य अनियमितताको भण्डाफोर गर्दै अखबारमा समाचार लेखेका थिए । मानव अधिकारकर्मीहरूका अनुसार दैलेखका पत्रकारहरूले डेकेन्द्र थापाको सन् २००४ मा माओवादीद्वारा भएको कथित हत्या बारे लेखेकोमा माओवादीबाट धम्की आइरह्यो ।

नेपाल पत्रकार महासंघका अनुसार सञ्चार माध्यमको सुरक्षा र स्वतन्त्रताको संरक्षण गर्न सरकारले यथेष्ट प्रयत्न गरेन, र पत्रकारहरूमाथि आक्रमण गर्ने वा उनीहरूको हत्या गर्ने व्यक्तिहरूमाथि विरलै कानूनी कार्यवाही भए । यद्यपि, वर्षभर कुनै पनि पत्रकारको हत्या भएन ।

सेन्सरशीप वा विषयवस्तुमा नियन्त्रण : अन्तरिम संविधान, २०६३ ले छापेको वा प्रसारण गरेको विषयवस्तुका आधारमा सञ्चार माध्यमका अनुमति पत्र खारेज गर्न नपाउने व्यवस्था गरेको छ । सरकारको स्वामित्वमा रहेका स्टेशनहरू कानून बमोजिम सरकारको प्रत्यक्ष नियन्त्रणबाट मुक्त रही स्वतन्त्र रूपमा सञ्चालन भए तापनि अप्रत्यक्ष राजनीतिक प्रभावका कारण त्यस्ता स्टेशनहरू कतिपय समय सेल्फ सेन्सरशीप गर्न बाध्य बने । विशेष गरी राजनीतिक रूपमा उत्तेजक ठहरिएका विषयवस्तुहरूको सन्दर्भमा यो कुरा लागु भयो ।

इन्टरनेट स्वतन्त्रता

सरकारले इन्टरनेटको पहुँचमा नियन्त्रण गरेको वा बाधा पुऱ्याएको वा अनलाइन सामग्रीलाई सेन्सर गरेकोसम्बन्धी कुनै खबरहरू आएनन् । साथै, उपयुक्त कानूनी अख्तियार बिना सरकारले निजी अनलाइन सञ्चारको अनुगमन गरेको भन्ने विश्वसनीय खबरहरू प्राप्त भएनन् । अधिकारीहरूले विद्युतीय कारोबार ऐनलाई उद्धृत गर्दै सामाजिक सञ्जाल (फेसबुक) मा गरिएका टिप्पणीसम्बन्धी दुई वटा घटनाका हकमा कार्यवाही गरे । मे महिनामा उनीहरूले राजुप्रसाद साहमाथि गृहमन्त्री वामदेव गौतमको पत्रिकामा प्रकाशित तस्बिरप्रति टिप्पणी गरेकोमा कार्यवाही गरे । ट्राफिक नियमको उल्लङ्घन गर्दै सडकको डिभाइडरको डोरी नाघिरहेका गृहमन्त्रीको तस्बिरमाथि टिप्पणी गर्दै उनले लेखेका थिए, "उनको पिठ्युँमा गोली ठोकिदिनु पर्छ ।" जुन १ मा प्रहरीले व्यापारी मोहम्मद अब्दुल रहमानमाथि कार्यवाही गऱ्यो । उनले "सप्तरीमा सुध्रँदो सुरक्षा" शीर्षकको समाचारमाथि टिप्पणी गर्दै लेखेका थिए, "केको सुध्रिनु ? आफ्नै चोरी भएको बाइक फर्काउन पैसा तिर्नु परिराछ, त्यो पनि ५० हजार !" प्रहरीले साह र रहमानलाई पछि बिना अभियोग थुनामुक्त गऱ्यो ।

प्राज्ञिक स्वतन्त्रता र सांस्कृतिक गतिविधि

कानूनले सांस्कृतिक कार्यक्रमहरू स्वतन्त्र रूपमा सञ्चालन गर्न पाउने व्यवस्था गरेको छ । तिब्बती समूहहरूले सामान्यतया साना र उनीहरूका आफ्नै समुदायहरूमा सीमित हुने कार्यक्रम आयोजना गर्न सरकारको अनुमति लिनुपर्‍यो । सरकारी कर्मचारीहरूले तिब्बती समुदायलाई जुलाई ६ मा दलाई लामाको जन्मोत्सवमा कार्यक्रम आयोजना गर्ने अनुमति दियो । त्यस कार्यक्रममा बुद्धिस्ट प्रार्थना, परम्परागत नाचगान तथा नेपालस्थित दलाई लामाका अनौपचारिक प्रतिनिधिको मन्तव्य समावेश थिए । त्यस कार्यक्रममा काठमाडौँभरका तिब्बतीहरू उपस्थित भए र न्यून मात्रामा आवतजावतको नियन्त्रण गरिएका खबरहरू प्राप्त भए ।

(ख) शान्तिपूर्ण भेला र संगठनको स्वतन्त्रता

कानूनले शान्तिपूर्ण रूपमा भेला हुने र संगठन गर्ने स्वतन्त्रताको व्यवस्था गरेको छ । तर सरकारले कहिलेकाही भेला हुने स्वतन्त्रतामा बन्देज लगायो ।

भेला हुने स्वतन्त्रता

सरकारले तिब्बती समुदायको भेला हुने स्वतन्त्रतालाई सीमित गरायो । त्यस्तो सीमितता विशेष गरी काठमाडौँमा बढी भयो । विगतका वर्षहरूमा झैँ यस वर्ष पनि मार्च १० मा पर्ने तिब्बती विद्रोह दिवसको अवसरताका तिब्बती बसोबास गर्ने टोलहरूमा प्रहरीको उपस्थिति रह्यो । वार्षिकोत्सवको दिनमा प्रहरीले १० जना तिब्बतीहरूलाई थुनी पाँच जनालाई कुनै अभियोग नलगाई केही घण्टाभित्रै रिहा गऱ्यो । चीनिँया कन्सुलर भवन (जुन चीनिँया दूतावासभन्दा फरक ठाउँमा अवस्थित छ) बाहिर विरोध प्रदर्शन गर्ने प्रयत्न गरेका अन्य पाँच जनालाई भने प्रहरीले २३ दिनसम्म थुनामै राख्यो र उनीहरूले जनही रु. ६,००० (६० डलर) तिरेपछि मुक्त गऱ्यो ।

जुलाई २४ मा प्रहरीले दलित अधिकारकर्मीहरूले केन्द्रीय सरकारको प्रशासनिक भवन अगाडि आयोजना गरेको शान्तिपूर्ण धर्ना कार्यक्रममा हस्तक्षेप गऱ्यो । अग्रणी मानव अधिकार अनुगमनकारी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्रका अनुसार लाठी सहितको प्रहरीले तीन जना प्रदर्शनकारीहरूलाई घाइते बनाए ।

संगठनको स्वतन्त्रता

कानूनले संगठनको स्वतन्त्रताको व्यवस्था गरेको छ र सरकारले सामान्यतया यस अधिकारको सम्मान गरेको छ ।

(ग) धार्मिक स्वतन्त्रता

अमेरिकी विदेश मन्त्रालयको *अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदन* www.state.gov/religiousfreedomreport/ मा राखिएको छ ।

(घ) घुमफिर गर्न पाउने स्वतन्त्रता, आन्तरिक रूपमा विस्थापितहरू, शरणार्थीहरूको सुरक्षा र राज्यविहीन व्यक्तिहरू

कानूनले देश भित्र घुमफिर गर्न कानूनी रूपमा सीमित गरेको धेरैजसो शरणार्थीहरू बाहेकलाई देशभित्र घुमफिर गर्न, विदेश भ्रमण गर्न, आप्रवासन र देश प्रत्यावर्तन गर्न पाउने स्वतन्त्रताको व्यवस्था गरेको छ । शरणार्थीहरूको घुमफिरमा असमान तवरले प्रतिबन्ध लगाइयो । सरकारले शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय (युएनएच्सीआर) लाई संरक्षण र सहायताको लागि पूर्ण रूपमा

सहयोग नगरे तापनि कागजात बिना देश भित्रिएका नयाँ तिब्बतीहरूको सम्बन्धमा सरकारी अधिकारीहरूले स्थापित प्रक्रियाहरू प्रहरी, अध्यागमन अधिकारी र युएनएच्सीआरका अधिकारीहरूबीचको समन्वय समयानुरूप र मापदण्डअनुरूप अवलम्बन गरे । सरकारले युएनएच्सीआरलाई नेपालमा बसोबास गर्ने तिब्बती शरणार्थीहरूलाई सहायता गर्न अनुमति दिएको छैन ।

सरकार र नागरिक समाजलाई दवाब दिन भनेर राजनीतिक दलहरू, जसमा विशेष गरी नेकपा (माओवादी) तथा उसका भातृ संगठनहरूले बन्द हड्ताल आयोजना गर्दै नागरिकको घुमफिर गर्न पाउने स्वतन्त्रतामाथि बन्देज पुऱ्याउने प्रयत्न गरे । तर विगतका वर्षहरूको तुलनामा हडतालहरूको सङ्ख्या उल्लेख्य रूपमा कम रह्यो ।

आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू

सरकार र माओवादीले १० वर्षे जनयुद्ध पश्चात् स्वेच्छिक रूपमा आफ्नो घर फर्कन चाहने विस्थापितहरूलाई सुरक्षा र सम्मानका साथ घर फर्कन सहयोग गर्ने सहमति गरे तापनि सो सहमति पूर्ण रूपमा लागु भएन । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सन् १९९६ देखि २००६ सम्म ७८,७०० व्यक्तिहरू विस्थापित भएको हुनसक्ने अनुमान गरे पनि राष्ट्रसंघीय आवासीय प्रतिनिधिको कार्यालयका अनुसार अन्दाजी ५०,००० जना घर फर्किन अनिच्छुक वा असमर्थ थिए । यसका कारणमध्ये समाधान नभएका भूमि तथा सम्पत्तिका विषयहरू र सुरक्षासम्बन्धी चिन्ता थिए । आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिहरूबाट माओवादीले द्वन्द्वकालमा कब्जा गरेको जग्गा धेरैजसो अवस्थामा बिक्री भएको वा भूमिहीन वा मोहीहरूलाई वितरण गरिसकिएको थियो ।

आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिहरूको पुनर्स्थापना तथा स्वेच्छिक फिर्तीका लागि सरकारले राहतका प्याकेजहरू वितरण गऱ्यो र अन्तर्राष्ट्रिय संस्थाहरूलाई आन्तरिक रूपमा विस्थापितहरूको सहयोगमा कार्यक्रम सञ्चालन गर्न दियो । राष्ट्रसंघीय आवासीय प्रतिनिधिको कार्यालयका अनुसार अझैसम्म विस्थापित जीवन बिताइरहेकाहरूमध्ये धेरैजसोले स्थानीय रूपमै समायोजन भई सहरी क्षेत्रहरूमा बस्न रुचाएका छन् । धेरैजसो अवस्थामा उनीहरू गैरकानूनी रूपमा सरकारी जग्गा ओगटेर नदी किनारा छेउ वा सुकुमबासीहरूसँगसँगै बसेका छन् । सरकारी सेवाको अनुपस्थिति र जीवनयापनका लागि सहायताको अभावका कारण पनि आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिहरूको फिर्तीमा बाधा पुग्न गएको छ ।

शरणार्थीको सुरक्षा

शरणमा पहुँच : कानूनले शरणार्थीसम्बन्धी व्यक्तिगत दाबीहरू निर्धारण गर्ने वा शरणार्थी संरक्षणका लागि विस्तृत कानूनी ढाँचा प्रदान गर्ने सम्बन्धमा कुनै पनि व्यवस्था गरेको छैन । सरकारले ठूलो सङ्ख्याका भुटानी तथा तिब्बतीहरूलाई शरणार्थीको मान्यता दिएको छ भने भुटानी शरणार्थीहरूलाई विदेशी मुलुकमा पुनर्वासका लागि पठाउने प्रक्रियामा सहयोग गरेको छ । सरकारले स्थानीय समायोजनलाई स्थायी समाधान बनाउनेसम्बन्धी व्यवस्था गरेको छैन ।

देशको पूर्वी भागमा रहेका शरणार्थी शिविरहरूमा बस्ने करिब २६,००० जना भुटानी शरणार्थीहरूमाथि आधिकारिक रूपमा घुमफिर र काम गर्ने स्वतन्त्रतामा सरकारले बन्देज लगाए तापनि सामान्यतया सो बन्देजको खासै कार्यान्वयन भएन । सरकारले आधिकारिक रूपमा भुटानी शरणार्थीहरूको रोजगार, सार्वजनिक शिक्षा वा सार्वजनिक स्वास्थ्य सेवाको पहुँचलाई निषेधित गरेको छ तर उसले युएनएच्सीआरलाई शिविरहरूमा शरणार्थीहरूका लागि समानान्तर निःशुल्क शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्न अनुमति दिएको छ । सन् २००७ मा सरकारले भुटानी शरणार्थीहरूको तेस्रो राष्ट्रमा पुनर्वासको लागि अनुमति प्रदान गऱ्यो । पुनर्वासको कार्य सुरु भएदेखि ९२,५०० जना भुटानी शरणार्थीहरूका लागि विदेशी मुलुकहरूमा पुनर्वासको व्यवस्था भइसकेको छ ।

सन् १९८९ पछि देश छिरेका तिब्बतीहरूलाई सरकारले शरणार्थीको रूपमा पहिचान गरेको छैन । तत्पश्चात् आएका अधिकांश तिब्बतीहरू भारततर्फ प्रस्थान गरेका भए तापनि उनीहरूको अथाह सङ्ख्या नेपालमा रह्यो । युएनएच्सीआरको अनुमान अनुसार १५,००० - २०,००० आवासीय तिब्बतीहरूमध्ये आधाभन्दा बढीको अभिलेख नै राखिएको छैन । सन् २००८ मा चीनले आफ्नो सीमा सुरक्षा तथा आन्तरिक घुमफिरको स्वतन्त्रतामा थप कडाइ गरेपछि नेपालमार्फत अन्य राष्ट्र प्रस्थान गर्ने तिब्बतीहरूको सङ्ख्या उल्लखनीय मात्रामा घट्यो । युएनएच्सीआरका अनुसार सन् २०१३ मा १७१ जना तिब्बतीहरू नेपालको मार्ग भएर तेस्रो राष्ट्र प्रस्थान गरे भने अक्टोबरसम्ममा उक्त सङ्ख्या ५४ थियो । नेपाल भएर भारत प्रस्थान गर्ने नयाँ तिब्बती आगमनकर्ताहरूलाई सरकारले युएनएच्सीआरको सहजीकरणमा दिइने बहिर्गमन अनुमति प्रदान गऱ्यो ।

शरणार्थीमाथि दुर्व्यवहार : प्रहरी र अन्य स्थानीय अधिकृतहरूद्वारा दैनिक कार्यमा व्यस्त तिब्बतीहरूलाई सताउने काम भएको रिपोर्टहरू आए । प्रहरीले बेलाबेलामा बिना उद्देश्य लामाहरू लगायत तिब्बतीहरूको परिचयसम्बन्धी कागजातहरू जाँच गरे । प्रहरीले कहिलेकाहीँ तिब्बतीहरूलाई छोटो समयसम्म थुनामा राख्ने, उनीहरूलाई थुनामा राख्ने भनी धम्की दिने तथा घुस माग्ने गरेको सुनियो ।

मार्च १० मा पर्ने तिब्बती विद्रोह दिवस जस्ता विशेष गरी राजनीतिक रूपमा संवेदनशील दिनहरूमा तिब्बती शरणार्थी र हिमाली मूलका व्यक्तिहरूलाई यस वर्ष विगतका वर्षका तुलनामा कम सङ्ख्यामा थुनामा राखियो ।

आधारभूत सेवामा पहुँच : देशमा रहेका अधिकांश तिब्बतीहरूसँग र विशेष गरी सन् १९९० पछि आउनेहरू तथा उनीहरूका नेपालमा जन्मेका बालबालिकासँग आवासको लागि कानूनी हैसियत वा कागजात थिएन । शरणार्थीका रूपमा दर्ता भएकाहरूसँग देशभित्र रहन पाउने बाहेक अन्य कानूनी अधिकार थिएन । कानूनी हैसियत भएका तिब्बतीका नेपालमा जन्मिएका बालबालिकासँग प्रायः अवस्थामा कागजात थिएन । सरकारले गैरसरकारी संस्थाहरूलाई देशमा बसोबास गर्ने तिब्बतीहरूका लागि प्राथमिक र माध्यमिक तहको शिक्षा प्रदान गर्न अनुमति दियो । तिब्बती शरणार्थीहरूलाई निजी वा सार्वजनिक संस्थामा उच्च शिक्षा हासिल गर्ने हक थिएन; उनीहरूलाई औपचारिक रूपमा काम गर्ने हकबाट वञ्चित गरियो; र उनीहरूले कानूनी रूपमा व्यवसायमा स्वामित्व, लाइसेन्स प्राप्त गर्न वा बैंक खाता खोल्नका लागि आवेदन दिन वा जन्म, विवाह र मृत्युका दर्ता गर्न पाएनन् । तिब्बती समुदायका केही भने यी सेवा प्राप्त गर्नका लागि घुस खुवाउने कार्यमा संलग्न रहे । शरणार्थी प्रमाणपत्र प्राप्त गरेका नेपालमा अवस्थित तिब्बतीहरूलाई देश बाहिर जानका निम्ति भ्रमण कागजातहरूको लागि आवेदन गर्ने हैसियत दिइएको भए तापनि सोसम्बन्धी कानूनी प्रक्रिया प्रायः कठिन, महङ्गो तथा अपारदर्शी थियो ।

सोमालिया, इराक, श्रीलङ्का, अफगानिस्तान, बर्मा र पाकिस्तान लगायत अन्य देशका करिब ५०० शरणार्थीहरू देशमा बसोबास गर्दथे । युएनएच्सीआरले यी समूहलाई शरणार्थीको मान्यता प्रदान गरे तापनि सरकारले उनीहरूलाई शरणार्थीका रूपमा पहिचान नगर्ने क्रम जारी राख्यो र तेस्रो राष्ट्रमा पुनर्वास गर्नको लागि बहिर्गमन अनुमति लिने क्रममा बसुन्जेलको प्रति दिन रु. ५०० (५ डलर) को दरले निषेधकारी जरिवाना लगायो । सरकारले जुलाईमा २५ जनाको समूहका लागि जरिवाना मिनाहा गऱ्यो, तर उसले पुनर्वासको लागि निर्धारित अन्य दर्ता भएका शरणार्थीहरूलाई निषेधकारी जरिवाना नतिरी बहिर्गमन अनुमति प्राप्त गर्नसक्ने गरी आफ्नो नीति परिवर्तन गरेन । सरकारले युएनएच्सीआरलाई यी शरणार्थीहरूका लागि शिक्षा, स्वास्थ्य, र जीविकोपार्जनका निम्ति केही सेवाहरू प्रदान गर्ने अनुमति दियो । तर यी शरणार्थीहरूसँग सार्वजनिक शिक्षा तथा सार्वजनिक अस्पताल र रोजगारका लागि कानूनी पहुँच थिएन ।

राज्यविहीन व्यक्तिहरू

कति जना नेपाली नागरिकताविहीन छन् भन्ने बारे विश्वसनीय तथ्याङ्क छैन तर उक्त सङ्ख्या २० देखि ४० लाखसम्म हुनसक्ने अनुमान गरिएको छ । सन् २०१३ को निर्वाचनअघि सरकारले नागरिकता वितरण तथा नयाँ मतदाता दर्ता गर्ने लक्ष्यसहित आफ्ना नागरिकता/मतदाता दर्ता घुम्ती टोलीहरू विकट क्षेत्रहरूमा खटायो । गृह मन्त्रालयले यस प्रक्रियामा छ लाख नयाँ नागरिकताका प्रमाणपत्र वितरण गरेको जनायो । फेब्रुवरीमा युएनएच्सीआरको आर्थिक सहयोगमा सञ्चालित अध्ययनले १६ वर्ष वा सोभन्दा बढी उमेर भएका २० प्रतिशत जनसङ्ख्यासँग नागरिकताको प्रमाणपत्र छैन ।

लिङ्गको आधारमा भेदभाव गर्ने नागरिकतासम्बन्धी अस्पष्ट कानून तथा नियमावलीहरूले राज्यविहीनतालाई टेवा पुऱ्याए । सन् २००६ को नागरिकतासम्बन्धी ऐनबमोजिम नेपाली आमा वा बाबुबाट जन्मिएका कुनै पनि व्यक्तिलाई नेपाली नागरिकताको अधिकार छ । यद्यपि, सोही ऐनमा विदेशी नागरिकसँग विवाहित नेपाली महिलाबाट जन्मिएको बच्चाले अङ्गिकरणको प्रक्रिया मार्फत् मात्र नागरिकता प्राप्त गर्न सक्ने प्रावधान रहेको छ । आमासँग नेपाली नागरिकताको प्रमाणपत्र भए तापनि व्यवहारमा बच्चाको बाबुको सहमति बिना नेपाली बाबुआमाका बच्चालाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्न अत्यन्त कठिन भयो । बाबुको अस्तित्व अज्ञात रहेको वा बाबु अनुपस्थित रहेको अवस्थामा बच्चालाई आमामार्फत नेपाली नागरिकता प्रदान गर्न सकिने भनी सन् २०११ मा सर्वोच्च अदालतले निर्णय गरेको भए तापनि यो कठिनाइ जारी रहच्यो ।

महिलाले आफ्नै लागि नागरिताको लागि आवेदन गर्दा उनी नागरिकताका लागि योग्य रहेको तथा उनलाई नागरिकता प्राप्त गर्ने अनुमति दिइएको भनी उनको पति, पिता वा पतिका परिवार (विधवा भएको अवस्थामा) को औपचारिक प्रमाणीकरण बुझाउनुपर्ने व्यवस्था छ, जसले गर्दा महिलाहरूलाई नागरिकताको हकका लागि आफ्ना पिता वा पतिको समझदारीमा भर पर्नु पऱ्यो । कतिपय अवस्थामा पतिहरूले आफ्ना पत्नीका लागि यस प्रकारको प्रमाणीकरण दिन इन्कार गरे । महिलालाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्नबाट वञ्चित गराइँदा उनीहरू अदालतमाथिको पहुँचबाट पनि वञ्चित हुन पुग्छन्, जसको फलस्वरूप उनीहरूले जग्गा तथा सम्पत्तिमाथि कानूनी रूपमा दाबी गर्न पाउँदैनन् र उनका पति वा पुरुष नातेदारहरूले बिना बन्देज ती जग्गा र सम्पत्तिमाथि हक दाबी गर्न पाउँछन् ।

राज्यविहीन व्यक्तिहरूले हिंसाको सामना गर्नु नपरे तापनि उनीहरूले रोजगार, शिक्षा, निवास व्यवस्था, स्वास्थ्य सेवा, विवाह, जन्म दर्ता, परिचयपत्र, अदालत र न्यायिक प्रक्रियामा पहुँच, बसाइसराइको अवसर र जग्गा तथा सम्पत्तिमाथिको स्वामित्वमा भेदभाव अनुभव गरे ।

खण्ड ३ : राजनीतिक अधिकारप्रतिको सम्मान : नागरिकको आफ्नो सरकार बदल्ने अधिकार

स्वतन्त्र तथा निष्पक्ष निर्वाचनमार्फत कानूनले नागरिकलाई आफ्नो सरकार बदल्ने क्षमता दिएको छ र विश्वव्यापी मताधिकारमा आधारित निर्वाचनमार्फत उनीहरूले यसको अभ्यास गरे ।

चुनाव र राजनीतिक सहभागिता

पछिल्लो चुनाव : नोभेम्बर २०१३ मा नागरिकहरू देशको दोस्रो संविधानसभाको चुनावमा सहभागी भए । अन्तर्राष्ट्रिय तथा स्वदेशी पर्यवेक्षकहरूका अनुसार चुनाव मूलतः विश्वसनीय, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न भयो । चुनाव रोक्ने उद्देश्यले नेकपा-माओवादीले राजनीतिक हिंसा र धम्कीका कार्यहरू गरे र १० दिन लामो यातायात बन्द लागु गर्ने प्रयत्न गरे । त्यस्ता प्रयासका बाबजुद पनि निर्वाचन आयोगका अनुसार ७४ प्रतिशतभन्दा बढी मतदाताहरू सहभागी भए । उक्त सङ्ख्या नेपालकै इतिहासमा सबैभन्दा ठूलो हो । कार्टर सेन्टर र युरोपेली संघ लगायतका स्वदेशी तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूका अनुसार चुनाव राम्ररी सम्पन्न भयो र सामान्यतया ठूला अनियमिततताहरू भएनन् ।

सन् १९९७ पछि स्थानीय निकायको चुनाव भएको छैन । सार्वजनिक वक्तव्यहरूमा सरकारले स्थानीय चुनाव सम्पन्न गर्ने कार्य आफ्नो प्राथमिकतामा रहेको कुरा व्यक्त गरेको छ । निर्वाचित स्थानीय परिषद्हरू सन् २००२ मा विघठन गरिए पश्चात् तिनको अभावमा वरिष्ठ निजामति कर्मचारीहरूले राजनीतिक दलका प्रतिनिधिहरूसँगको परामर्शमा स्थानीय प्रशासनको कार्य गर्दै आएका छन् ।

महिला र अल्पसङ्ख्यकहरूको सहभागिता : महिला, आदिवासी र अल्पसङ्ख्यकहरूलाई मतदान गर्न वा सरकार वा राजनीतिक दलमा भाग लिन बन्देज लगाउने कुनै कानून छैन तर पनि राजनीतिक प्रक्रियामा महिला तथा केही जातीय समुदायको भूमिका परम्पराले गर्दा सीमित हुन पुग्यो । ठूला राजनीतिक दलहरूसँग महिला संगठन, युवा संगठन, ट्रेड युनियन र सामाजिक संस्थाहरू आबद्ध थिए । महिला, युवा र अल्पसङ्ख्यकहरूले प्रायःजसो कथित माथिल्लो जातका दलका पुरुष नेताहरूले आफूलाई अर्थपूर्ण राजनीतिक सहभागिताबाट वञ्चित गराएको गुनासो गरे ।

खण्ड ४ : भ्रष्टाचार र सरकारमा पारदर्शिताको कमी

कानूनले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूबाट हुने भ्रष्टाचारका विरुद्ध सजायको व्यवस्था गरेका भए तापनि सरकारी अधिकारीहरू दण्डहीनताका साथ बारम्बार भ्रष्टाचारमा संलग्न रहेको खबरहरू आए ।

भ्रष्टाचार : पाँच वर्षसम्म आयुक्तविहीन रहेको भ्रष्टाचारको मुद्दा हेर्ने कार्यादेश प्राप्त आधिकारिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगका लागि तत्कालीन प्रधान न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा गठित अन्तरिम सरकारले सन् २०१३ मा प्रमुख आयुक्त र एक आयुक्त नियुक्त गऱ्यो । नयाँ नेतृत्वको आगमनसँगै आयोगले नेपाल विद्युत प्राधिकरण, अध्यागमन विभाग, शिक्षा विभाग, वैदेशिक रोजगार विभाग, स्वास्थ्य सेवा विभाग तथा स्थानीय सरकारी अधिकारी विरुद्ध चलाएको कार्यवाहीले ठूलै चर्चा पायो । मार्चमा अख्तियारले वैदेशिक रोजगार विभागका अधिकारीहरूलाई घुस लिएकोमा पक्राउ गऱ्यो । अख्तियारले अधिकारीहरूलाई १०९ जना वैदेशिक कामदारलाई नक्कली कागजपत्र सहित कतार पठाउन ३२ लाख ७० हजार रुपियाँ (३२ हजार सात सय डलर) स्वीकारेको र अन्य ६३ जना वैदेशिक कामदारलाई नक्कली कागजपत्र सहित दुबाइ पठाउन १८ लाख ९० हजार रुपियाँ (१८ हजार नौ सय डलर) स्वीकारेको आरोप लगाएको छ ।

अगस्ट र सेप्टेम्बर २०१३ मा आयोगले ७७ जना नेपाली वैदेशिक कामदारलाई नक्कली वा अनुचित कागजात सहित कतार पठाएको आरोपमा अध्यागमन विभागका १८, वैदेशिक रोजगार विभागका १५ तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लेबर डेस्कका ९ जना पदाधिकारीहरूलाई मानव बेचबिखनसँग सम्बन्धित कसुरमा पक्राउ गऱ्यो । पक्राउ पर्ने सबैभन्दा उच्च पदाधिकारीमा वैदेशिक रोजगार विभागका निर्देशक थिए । डिसेम्बर २०१३ मा अदालतमा अभियोग दर्ता भई सबै पदाधिकारीहरूको पुर्पक्ष जारी रह्यो ।

सरकारी पदाधिकारी, राजनीतिक दल र दलसँग आबद्ध संस्थाहरूद्वारा भ्रष्टाचार भएका धेरै रिपोर्टहरू आए । विगतका वर्षहरूमा झैँ राजनीतिक दलसँग सम्बद्ध विद्यार्थी तथा मजदुर समूहहरूले विद्यालय तथा व्यावसायहरूबाट चन्दा मागे ।

नेपाल प्रहरीभित्र भ्रष्टाचार र दण्डहीनता समस्याकै रूपमा रहे ।

सम्पत्ति विवरण खुलाउनेसम्बन्धी : सार्वजनिक अधिकारीहरूले आफ्नो सम्पत्ति विवरण खुलाउनुपर्ने कानूनी प्रावधान रहेको छ । सम्पत्ति विवरण अनुगमन तथा सार्वजनिक गर्ने कार्यादेश प्राप्त निकाय राष्ट्रिय सतर्कता केन्द्रका अनुसार सन् २०१२ मा उपलब्ध सबैभन्दा पछिल्लो तथ्याङ्क अनुसार करिब ३५,००० जना निजामति कर्मचारीहरूले कानून विपरित आफ्नो वार्षिक सम्पत्ति विवरण बुझाएनन् । उनीहरूलाई रु. ५,००० (५० डलर) सम्मको जरिवाना लाग्नसक्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पदाधिकारीहरूलाई सम्पत्ति विवरण बुझाउने सम्बन्धमा अझ सक्रिय भएर लाग्न सार्वजनिक रूपमा आग्रह गऱ्यो । मन्त्रीहरूले पद सम्हालेको दुई महिनाभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्न आवश्यक भएकोमा २४ मध्ये २३ जना मन्त्रीहरूले उक्त कार्य गरे ।

सर्वसाधारणको सूचनामा पहुँच : नेपालको अन्तरिम संविधान, २०६३ ले व्यक्ति वा सर्वसाधारणसँग सरोकार राख्ने कुनै पनि विषयमा सूचनाको हकको व्यवस्था गरेको छ । यसले सरकारलाई कानूनले संरक्षण गरेको सूचना प्रदान गर्न बाध्य बनाएको छैन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले राष्ट्रिय सूचना आयोग गठन हुने बाटो खोलिदियो । निवेदकहरूले आफूलाई गलत तरिकाले सूचनाको हकबाट वञ्चित गराएको, सूचनाको अनुपयुक्त वर्गीकरण भएको वा व्यक्तिहरूलाई भण्डाफोर गरेकोमा दण्डित गरिएको भनी आरोप लगाएका मुद्दाहरूको हकमा निर्णय गर्नु सूचना आयोगको जिम्मेवारी हो । सन् २०१३ को मध्यभागदेखि उक्त निकाय आयुक्तविहीन रहेको थियो र निम्न तहका निजामति कर्मचारीहरूले मुद्दा हेर्दै आइरहेका थिए । अगस्ट महिनासम्ममा ५०० भन्दा बढी मुद्दाहरू आयोगमा विचाराधीन रहे ।

खण्ड ५ : मानव अधिकारको हननको आरोपका सम्बन्धमा अन्तर्राष्ट्रिय र गैरसरकारी अनुसन्धानसम्बन्धी सरकारी धारणा

सामान्यतया स्वदेशी र अन्तर्राष्ट्रिय मानव अधिकार समूहहरूलाई कार्यसञ्चालन गर्ने, मानव अधिकारसम्बन्धी अनुसन्धान गर्ने र निष्कर्ष प्रकाशन गर्ने स्वतन्त्रता भए तापनि सरकारले भिसा प्राप्त गर्ने प्रक्रियालाई जटिल पारी तथा सम्पत्तिसम्बन्धी कागजातमा दस्तखत गर्न बाध्य तुल्याई केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमाथि प्रशासनिक भार थप्यो ।

संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय निकायहरू : सामान्यतया सरकारले राष्ट्रसंघीय तथा अन्य अन्तर्राष्ट्रिय निकायहरूलाई सञ्चालन हुने अनुमति दियो र ती निकायका कुनै पनि कर्मचारी वा प्रतिनिधिहरूका भिसा आवेदनहरूलाई अस्वीकार गरेन । यद्यपि, सरकारले केही विशेष राष्ट्रसंघीय निकायका प्रतिनिधिहरूलाई भ्रमणको निमन्त्रणा भने दिएन, जसमध्ये मानव अधिकार रक्षकको अवस्थासम्बन्धी विशेष प्रतिवेदक, जबरजस्ती बेपत्तासम्बन्धी कार्य समूह र सत्य, न्याय, परिपुरण तथा घटना नदोहोरिने प्रत्याभूतिसम्बन्धी विशेष प्रतिवेदक लगायत पर्दथे ।

सरकारी मानव अधिकारसम्बन्धी निकायहरू : राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनका आरोपहरूको अनुसन्धान गर्दछ । तर स्रोतको सीमितता र यथेष्ट जनशक्तिको कमीका कारण आयोगले अनुसन्धान गर्ने मुद्दाको सङ्ख्या सीमित भयो । सरकारले आफ्ना सिफारिसहरू पूर्ण रूपमा कार्यान्वयन नगरेर दण्डहीनतालाई प्रर्वद्धन गरेको भनी आयोगले दाबी गऱ्यो । सन् २००० मा स्थापना भएदेखि आयोगले करिब २,००० पीडितहरूसँग सरोकार राख्ने ७३५ मुद्दामा कार्यवाही तथा परिपुरणका लागि सिफारिस दिएको कुरा बताएको छ । यीमध्ये तीन ७५ प्रतिशतभन्दा बढी मुद्दाहरू द्वन्द्वकालीन घटनासँग सम्बन्धित छन् । कार्यवाही तथा परिपुरण प्रदान गरी सरकारले १४ प्रतिशत सिफारिसलाई पूर्ण रूपमा कार्यान्वयन गरेको र आंशिक रूपमा परिपुरणमार्फत मात्र ४८ प्रतिशत कार्यान्वयन गरेको कुरा आयोगले बताएको छ । बाँकी मुद्दाहरूमा सरकारले कार्यवाही तथा परिपुरणका लागि आयोगका सिफारिसहरू कार्यान्वयन गरेन ।

अक्टोबर २० मा राष्ट्रिय मानव अधिकार आयोगमा नवनियुक्त आयुक्तहरूले पदभार सम्हाले । पूर्व अध्यक्ष तथा अन्य आयुक्तहरूको ६ वर्षे पदावधि समाप्त भएपछि सेप्टेम्बर २०१३ देखि आयोग आयुक्तविहीन थियो । आयुक्तहरूको अनुपस्थितिमा आयोग सीमित अख्तियार प्राप्त कार्यवाहक सचिवको मातहतमा सञ्चालन भयो र यसले मुद्दाहरूसम्बन्धी सिफारिस दिन सकेन । आयुक्तहरूको अनुपस्थितिले आयोगका अन्दाजी ३१० दरबन्दीमध्ये रिक्त रहेका १५० भन्दा बढी कर्मचारी नियुक्तिको प्रक्रियामा समेत बाधा पुग्यो ।

सरकार तथा न्यायपालिकाले द्वन्द्वकालमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा माओवादीद्वारा भएका मानव अधिकार तथा मानवीय कानूनका उल्लङ्घनहरूलाई पूर्ण रूपमा सम्बोधन गरेका थिएनन् । एक फौजदारी कार्यवाही सम्पन्न गरियो भने यीमध्येका केही दोषीले घटाएका द्वन्द्वकालीन दुर्व्यवहारका घटनाहरूसम्बन्धी पाँच जारी रहेका वा विचाराधीन फौजदारी अनुसन्धानहरू रहेका थिए ।

जनवरी २ मा सर्वोच्च अदालतले सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापनासम्बन्धी सन् २०१३ मा राष्ट्रपतिद्वारा जारी अध्यादेशका क्षमादान तथा अभियोजनसम्बन्धी प्रावधानहरूले अन्तरिम संविधान, २०६३ को उल्लङ्घन गर्ने देखिएकोले उक्त अध्यादेशलाई खारेज गऱ्यो । मे ११ मा राष्ट्रपतिले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगलाई छुट्टाछुट्टै स्थापना गर्ने गरी संविधानसभाद्वारा पारित कानूनमा हस्ताक्षर गरे । २०६३ को विस्तृत शान्ति सम्झौतामा यी दुवै आयोगहरूको स्थापनासम्बन्धी वचनबद्धता गरिएको थियो । मानव अधिकारकर्मीहरूले यस कानूनमा पनि सन् २०१३ मा खारेज भएको अध्यादेशमा झैँ क्षमादानसम्बन्धी प्रावधानहरू रहेका भनी आलोचना गरे । जुन ३ मा २३४ जना द्वन्द्वपीडितहरूको समूहले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी कानूनलाई चुनौती दिँदै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरे । अन्तरिम संविधान तथा अन्तर्राष्ट्रिय उत्तरदायित्वहरूको उल्लङ्घन हुने गरी उक्त कानूनमा गम्भीर अपराधहरूलाई क्षमादान गर्नेसम्बन्धी प्रावधानहरू रहेको भन्ने उनीहरूको दाबी थियो । मेलमिलापको प्रक्रियामा पीडितको मन्जुरी लिनु पर्दछ भन्ने कुरालाई उक्त कानूनले पर्याप्त मात्रामा सुनिश्चित गर्दैन भन्ने दाबी समेत रिट निवेदनमा गरिएको थियो । अन्त्यमा, सिफारिसहरू सिधै महान्यायाधिवक्ताको कार्यलयमा पेश गर्नुको सट्टा शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगबाट भएका अभियोजनसम्बन्धी कुनै पनि सिफारिसहरूको सम्बन्धमा जाँचबुझ गर्ने अख्तियार प्रदान गर्ने प्रावधानको संवैधानिकतालाई उक्त रिट निवेदनले चुनौती दिएको छ । नोभेम्बर महिनासम्ममा सर्वोच्च अदालतले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी कानूनलाई दिइएका कानूनी चुनौतीका सम्बन्धमा कुनै निर्णय गरेको थिएन ।

अगस्ट ५ तथा सेप्टेम्बर २३ मा दायर गरिएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी कानूनलाई दिइएका दुई थप चुनौतीहरूले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगको कार्यान्वयनको तयारीलाई प्रक्रियागत रूपमा रोक्ने प्रयत्न गरे । अगस्ट ५ को मुद्दाले के तर्क गरेको छ भने सिफारिस समिति चयन गर्ने प्रावधानहरूले अन्तरिम संविधान, २०६३ को उल्लङ्घन गरेका छन् किनभने त्यसै समितिले नै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगका आयुक्तहरू मनोनयन गर्ने हो । सेप्टेम्बर १८ मा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगका आयुक्तहरूको माग गर्दै जारी गरिएको सार्वजनिक सूचना विचाराधीन रहेका अन्य मुद्दाहरूको सन्दर्भमा अवैध रहेको तर्क सेप्टेम्बर २३ को मुद्दाले गरेको छ । अक्टोबर महिनासम्ममा यी दुवै कानूनी चुनौतीहरू सर्वोच्च अदालतमा विचाराधीन रहे ।

खण्ड ६ : भेदभाव, सामाजिक दुर्व्यवहार र मानव बेचबिखन

कानूनले वर्ण, जात, लिङ्ग, अपाङ्गता, भाषा, वा सामाजिक हैसियतका आधारमा भेदभाव गर्न प्रतिबन्ध गरेको छ । तर सरकारले यी प्रावधानहरू प्रभावकारी रूपमा लागु गरेन । सन् २०११ मा जातीय भेदभाव तथा छुवाछुत ऐन पारित भए तापनि देशभरि धार्मिक, व्यावसायिक र दैनिक जीवनका धेरै पाटाहरूमा अलचिलो जातीय प्रथा कायमै रहच्यो । विशेष गरी ग्रामिण क्षेत्रहरूमा कथित तल्लो जातका मानिस, महिला र अपाङ्गहरूप्रतिको सामाजिक भेदमाव विद्यमान रहच्यो । मानव बेचबिखन जारी रह्यो ।

महिला

<u>बलात्कार तथा घरेलु हिंसा</u> : महिला विरुद्ध हिंसा समस्याको रूपमा रहच्यो । मुलुकी ऐन अन्तर्गत जबरजस्ती करणीको लागि महिला पीडितको उमेर अनुसार पाँचदेखि १५ वर्षसम्म कैद सजाय दिने व्यवस्था रहेको छ । सामूहिक बलात्कार वा गर्भवती महिला वा अपाङ्ग महिलाको बलात्कारको खण्डमा थप पाँच वर्ष कैदको व्यवस्था गरिएको छ । पीडितलाई प्रदान गरिने क्षतिपूर्ति उसमाथि भएको मानसिक र शारीरिक दुर्व्यवहारको गम्भीरतामा भर पर्दछ । कानून बमोजिम जबरजस्ती करणीको परिभाषामा वैवाहिक बलात्कार पनि पर्दछ र श्रीमान्लाई तीनदेखि छ महिनासम्म कैद सजाय हुन सक्दछ । बलात्कार विरुद्ध जाहेरी दिने कानूनी हदम्याद ३५ दिनको रहेको छ । मानव अधिकारवादी समूहहरूले उक्त कानूनी व्यवस्था तथा मुलुकको १० वर्षे द्वन्द्वमा घटेका यौनजन्य हिंसाको सम्बोधनमा त्यसले राख्ने अर्थको विषयमा चिन्ता व्यक्त गरे ।

जबरजस्ती करणीका धेरै घटनाहरू बाहिर आएनन् । तर जति बाहिर आए, तिनीहरूमाथि प्रहरी र अदालतहरूले कार्यवाही गरे । नेपाल प्रहरीको महिला तथा बालबालिका विरुद्धका अपराध हेर्ने विशेष इकाई महिला सेलका अनुसार अघिल्लो आर्थिक वर्षमा भएका ६७७ वटा जबरजस्ती करणी र २४५ वटा जबरजस्ती करणीको प्रयासका मुद्दाहरूको तुलनामा यस आर्थिक वर्ष २०१३-१४ मा ९१२ वटा जबरजस्ती करणी र ४१४ वटा जबरजस्ती करणीको प्रयासका मुद्दाहरू प्रहरीमा दर्ता भए ।

महिला विरुद्ध घरेलु हिंसा ठूलो समस्या रहेको पाइयो । शारीरिक तथा मौखिक दुर्व्यवहार सामान्य रहेको जनाउने थुप्रै व्यक्तिगत अनुभव थिए । महिला विरुद्ध हुने हिंसाको कारणले गर्दा नै महिलाको कमजोर स्वास्थ्य, जीविकोपार्जनको समस्या र सामाजिक क्रियाकलापमा उनीहरूको न्यून सहभागिता रहेको पाइयो । घरेलु हिंसासम्बन्धी कानूनले पीडकलाई रु. ३,००० देखि २५,००० (३० देखि २५० डलर) सम्मको जरिवाना, ६ महिना कैद सजाय, वा दुवै हुनसक्ने व्यवस्था गरेको छ । पीडक पटकपटक हिंसामा संलग्न रहेमा सजाय दोब्बर हुने व्यवस्था छ । सार्वजनिक पदमा रहेका व्यक्तिहरूले १० प्रतिशत बढी सजाय प्राप्त गर्छन् । अदालतको आदेश पालना नगर्ने व्यक्तिलाई रु. २,००० देखि १५,००० (२० देखि १५० डलर) जरिवाना, चार महिना कैद सजाय, वा दुवै हुनसक्छ । महिला अधिकार रक्षकहरूका प्रतिवेदनहरू अनुसार महिला विरुद्धका लैङ्गिक हिंसाका अधिकांश घटनाहरू बाहिर नै आएनन् । महिला पुनर्स्थापना केन्द्रले हिंसा पीडित महिलामध्ये २५ प्रतिशतले स्वास्थ्य सेवा लिएको र २० प्रतिशतले कानूनी उपचारको खोजी गरेको अनुमान गरेको छ । खास गरी दलित महिलाहरू उच्च तहको हिंसाबाट पीडित भए भने विधवा, सम्बन्ध विच्छेद भएका, छुट्टिएर बसेका महिलाहरूका साथै पहाडी क्षेत्रहरूमा बस्ने महिलाहरू विरुद्धका उल्लङ्घनका घटनाहरू बाहिर आए ।

सरकारले घरेलु हिंसा (अपराध र सजाय) सम्बन्धी ऐन, २०६५ पारित गरे तापनि धेरै सुरक्षा अधिकारी र नागरिकहरू यस कानूनबारे अनभिज्ञ थिए । ऐनलाई सफलतापूर्वक लागु गर्न आवश्यक पर्ने संरचनाहरू स्थापना गर्नका लागि सरकारले गरेको प्रयासमा संयोजन नरहेको र अपूर्ण रहेको पाइयो । बहुसङ्ख्यक घरेलु हिंसाका मुद्दाको किनारा मेलमिलापमाथि जोड दिँदै मध्यस्थतामार्फत भयो । मध्यस्थता असफल भएको खण्डमा मात्र कानूनी कार्यवाही प्रायः विकल्पका रूपमा प्रयोग भएको पाइयो ।

गैरसरकारी संस्थाहरूले प्रहरी, राजनीतिज्ञ र जनसाधारणका लागि घरेलु हिंसाप्रति सचेत गराउने उद्देश्यले शैक्षिक कार्यक्रमहरू प्रदान गरे । देशको ७५ वटै जिल्लामा महिला प्रहरी ईकाई छन् तर ती ईकाईहरूमा घरेलु हिंसा र मानव बेचबिखनका पीडितहरूसँग कार्य गर्न आवश्यक निकै कम स्रोत र तालिमप्राप्त कर्मचारी थिए । प्रहरीले घरेलु हिंसालाई अपराध सरह व्यवहार गर्न निर्देशनहरू

जारी गर्ने गर्दछ तर प्रहरीभित्र भेदभावपूर्ण धारणाले जरो गाडेका कारण ती निर्देशनहरूलाई लागु गर्न गाह्रो पऱ्यो । महिला अधिकारकर्मीहरूले एप्रिलबाट सुरु हुने गरी महिला विरुद्धको हिंसाप्रति ध्यानाकर्षण गर्ने आफ्नो अभियानको समर्थनमा प्रत्येक हप्ता एकएक घण्टा धर्ना कार्यक्रम आयोजना गरे । प्रदर्शनकारीहरूले सरकारसँग बलात्कारका मुद्दाहरू हेर्ने फास्ट ट्र्याक अदालतको स्थापनाको माग गरे ।

कानूनले बहुविवाहलाई निषेध गरे तापनि श्रीमतीले गर्भधारण गर्न नसक्ने वा श्रीमती रोगग्रस्त वा अपाङ्ग भएको अवस्थामा बहुविवाहको लागि छुट दिएको छ । सन् २०११ को नेपाल जनसङ्ख्या स्वास्थ्य सर्वेक्षणका अनुसार ४ प्रतिशत महिला र २ प्रतिशत पुरुष बहुविवाहको बन्धनमा बाँधिएका थिए । माथि उल्लिखित अपवादका अवस्थामा बाहेक बहुविवाह गर्ने व्यक्तिलाई एकदेखि दुई वर्षको कैद सजाय र जरिवानाको व्यवस्था रहेको छ । तर दोस्रो विवाहलाई भने अमान्य घोषित गरिँदैन ।

<u>महिलाको यौनाङ्ग छेदन</u> : नेपालमा महिलाको यौनाङ्ग छेदन चलन नभएकोले यसलाई निषेध गर्ने कुनै कानून छैन ।

<u>अन्य हानिकारक परम्परागत प्रथा</u> : दाइजो प्रथालाई कानूनले निषेध गरेको छ र रु. १०,००० (१०० डलर) सम्म जरिवाना तथा तीन वर्षसम्म कैद सजायको व्यवस्था गरेको छ । यद्यपि, दाइजो प्रथा कायमै रहच्यो । परम्परागत चलन अनुसार दुलहीको परिवारले दुलहाको परिवारलाई दुलहाको तालिम र शिक्षा अनुरूप पूर्व निर्धारित दाइजो दिनुपर्छ । दाइजो प्रथा उन्मूलन गर्ने प्रयत्नका बाबजुद मध्यमाञ्चलको दक्षिणी जिल्ला धनुषामा उच्च रकमको दाइजोको मागका कारण लैङ्गिक हिंसा भइरहेको कुरा महिला अधिकारकर्मीहरूले उल्लेख गरेका छन् । विगतका केही वर्षहरूमा धनुषामा दाइजोको मूल्य गाईको भाउ (२५० डलर) देखि लिएर रु. चार लाख - १० लाख (४,००० - १०,००० डलर) सम्म वृद्धि भएको र नगद रकममै माग गरिएको उनीहरूको दाबी छ । अधिकारकर्मीहरूले बताए अनुसार धेरै पुरुषहरू आफ्नो देश छोडेर दाइजोको लागि आवश्यक रकम आर्जन गर्न विदेशमा गई काम गर्छन् र घरमा उनीहरूका श्रीमतीहरू दुर्व्यवहारको जोखिममा पर्दछन् । दाइजो प्रथाको चलन भारतको सीमासँग जोडिएका तराई जिल्लाहरूमा बढी थियो र दाइजोसम्बन्धी विवादका कारण दुलहीको हत्या वा हत्या गर्ने प्रयत्न गरिएका केही घटनाहरू भए । उदाहरणका लागि मे ५ मा १९ वर्षीया रिहाना शेख धापालीका श्रीमान्, सासू र ससुराले उनले दाइजोस्वरूप मोटरसाइकल तथा भैँसी नल्याएको भनी उनीमाथि आगो लगाए । त्यसपछि उनीहरूले उनलाई दुई दिनसम्म एउटा कोठामा थुनेर राखे र औषधि उपचारबाट वञ्चित गरे । अगस्ट महिनाको अन्तसम्ममा उनी काठमाडौँमा उपचाररत थिइन् भने अभियुक्तहरू फरार थिए ।

बोक्सीसम्बन्धी परम्परागत विश्वासले गाउँका महिला, विशेष गरी विधवा, वृद्धा, निम्न आर्थिक हैसियत भएका व्यक्ति वा दलित समुदायका सदस्यमाथि नकारात्मक असर पाऱ्यो । बोक्सी भगाउने कार्य अनुरूप झाँक्रीहरू तथा परिवारका सदस्यहरूले बोक्सी ठानिएकाहरूलाई सार्वजनिक रूपमा पिट्ने र शारीरिक दुर्व्यवहार गर्ने गरे । यस वर्ष सञ्चार माध्यम र गैरसरकारी संस्थाहरूले अन्धविश्वाससँग सम्बन्धित थुप्रै घटनाहरू प्रकाशमा ल्याए । सरकारसँग त्यस्ता अपराध रोक्ने वा पीडितलाई क्षतिपूर्ति दिने कुनै संयन्त्र थिएन । तर नागरिक समाज संस्थाहरूले यस समस्याबारे जनचेतना फैलाए । बोक्सीको आरोप लागेका महिलाहरूले गम्भीर पीडा र शारीरिक तथा मानसिक यातना भोगे । उनीहरूलाई जबरजस्ती मानिसको दिसा खुवाइने, शरीरका विभिन्न भागमा तातो पन्युले डाम्ने, जबरजस्ती तातो फलाम छुन लगाइने, खुर्सानीको धुवाँमा सास फेर्न लगाइने, उनीहरूको यौनाङ्ग छेडिने वा समुदायबाट वहिष्कार गरिने कार्यहरू भए । अनौपचारिक क्षेत्र सेवा केन्द्रका अनुसार सन् २०१३ मा बोक्सीको आरोप लागेका ६९ जना महिलाहरू हिंसाबाट पीडित बने भने वर्षको पहिलो चौथाईमा थप २० जना पीडित रहे ।

छाउपडी प्रथा (जुन महिलाहरूलाई आफ्नो घरबाट बाहिर बस्न लगाउने प्रथा हो, जसअन्तर्गत महिनावरी भएका र कहिलेकाहीँ सुत्केरी अवस्थाका महिला गोठमा बस्न बाध्य हुन्छन्) गम्भीर समस्याको रूपमा रहच्यो । उक्त प्रथाका कारण किशोरी, महिला र उनीहरूसँगै घरबाहिर बस्न बाध्य शिशुहरू चरम मौसम र शिकारी वन्यजन्तु तथा मानिसको खतरमा पर्ने गर्छन् । हालसम्मकै पछिल्लो, सन् २०१० को नेपाल बहुसूचकाङ्क सर्वेक्षणका अनुसार देशभरि १५ देखि ४९ उमेरका १९ प्रतिशत महिलाले छाउपडी प्रथा मान्ने गरे तापनि मध्य तथा सुदूरपश्चिमका पहाडी क्षेत्रमा समस्या बढी जटिल देखियो, जहाँ करिब ५० प्रतिशत महिला छाउपडी बस्थे । काठमाडौँका महिलालाई पनि कम कठोर किसिमको छाउपडी मान्नुपर्ने बाध्यता भएको सुनियो, जस अनुरूप उनीहरूलाई सामान्यतया भान्सा वा धार्मिक अनुष्ठानका स्थलमा प्रवेश गर्न दिइँदैनथ्यो । शैक्षिक वर्षको ठूलो हिस्सा ओगट्ने गरी छाउपडीले किशोरीहरूको शिक्षाको पहुँचलाई प्रत्यक्ष रूपमा सीमित बनायो ।

<u>यौन दुर्व्यवहार</u> : यौन दुर्व्यवहार विरुद्ध कानूनी प्रावधान रहेको छ, जसअन्तर्गत बढीमा एक वर्षसम्मको कैद सजाय र रु. १०,००० (१०० डलर) सम्मको जरिवानाको व्यवस्था गरिएको छ । यौन दुर्व्यवहारको समस्या ठूलो भए पनि सरकारले कडाइका साथ कानून लागु गरेन । यौन दुर्व्यवहारअन्तर्गत कस्ता कुरा पर्दछन् भन्ने बारे चेतनाको कमी हुँदा पीडितहरूले प्रायः घटनाहरूको रिपोर्ट गरेनन् । यस प्रथालाई रोक्नका लागि सक्रिय नीति विकास गर्नमा निजी क्षेत्र सीमित रह्यो ।

<u>प्रजननको अधिकार</u> : दम्पती तथा व्यक्तिहरूले सामान्यतया आफ्नो बालबच्चाको सङ्ख्या, बालबच्चा बीचको अन्तराल र समयबारे स्वतन्त्र र जिम्मेवारीका साथ निर्णय गर्न सक्छन् र ती निर्णयहरूका आधारमा उनीहरूमाथि भेदभाव, करकाप र हिंसा भएन । पुरुष र महिला दुबैलाई परिवार नियोजनका

साधन उपलब्ध थिए । सन् २०११ नेपाल जनसङ्ख्या स्वास्थ्य सर्वेक्षणका अनुसार ४३ प्रतिशत विवाहित महिलाहरूले परिवार नियोजनका आधुनिक साधन र ७ प्रतिशतले परम्परागत साधनहरू प्रयोग गरे । उक्त दर यसअघिको सन् २००६ को सर्वेक्षणसँग मिल्दोजुल्दो थियो । २७ प्रतिशत विवाहित महिलाले आफूलाई आवश्यक परिवार नियोजनका साधन प्राप्त गरेका थिएनन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २००५ को मातृ मृत्यु दर प्रति १,००० जीवित जन्ममा ३१० बाट घटेर सन् २०१३ मा १९० मा भयो । स्वास्थ्य क्षेत्रका लागि छुट्याइएको बजेटमा ७५ प्रतिशतभन्दा बढी बजेट मातृ तथा शिशु स्वास्थ्य सेवाका लागि छुट्याई स्वास्थ्य मन्त्रालयले सुत्केरी गराउनका लागि आवश्यक दक्ष सेवा तथा परिवार नियोजनका सेवाका लागि आर्थिक सहयोग प्रदान गरी मातृ मृत्यु दर घटाउने प्रयास गऱ्यो । तैपनि उक्त स्वास्थ्य सर्वेक्षणका अनुसार ३६ प्रतिशत जन्म मात्र दक्ष स्वास्थ्यकर्मीद्वारा भए ।

भेदभाव : समान कामको लागि समान ज्याला लगायतका विषयहरूमा कानूनले महिलालाई संरक्षण प्रदान गरेको भए तापनि सरकारले राज्यद्वारा सञ्चालित विभिन्न उद्योग लगायतमा ती प्रावधानहरू कार्यान्वयन गरेन ।

महिलाहरूले खास गरी ग्रामीण भेगमा यस्तो भेदभावको निरन्तर सामना गरे । खास गरी महिलाको मतदान गर्न पाउने अधिकार वा सम्पत्ति आफ्नो नाममा राख्न पाउने अधिकार जस्ता आधारभूत अधिकारहरूको अभ्यास गर्न बाधकका रूपमा रहेका धार्मिक र सामाजिक परम्परा, शिक्षाको अभाव, कानूनसम्बन्धी अनभिज्ञता जस्ता कारकहरू रहेका ठाउँमा यस्तो विभेद भेटियो । कानूनले महिलालाई बाबुआमाबाट समान अंश पाउने र विवाहपछि सम्पत्ति आफ्नै स्वामित्वमा राख्न पाउने अधिकार दिएको छ । तर धेरैजसो महिला यस अधिकार बारे अनभिज्ञ भएको पाइयो र अन्य महिलाहरूले चलिआएको प्रथालाई चुनौती दिन आँट गरेनन् । कानूनले विधवाहरूलाई आफ्ना दिवङ्गत श्रीमान्को सम्पत्तिमाथि पूर्ण पहुँच तथा अधिकार पनि प्रदान गरेको छ । विधवाहरूलाई लाञ्छित गर्ने तथा उनीहरूबाट टाढा रहने परम्परागत व्यवहारहरू जारी रहे र समुदायहरूले अक्सर कानूनलाई बेवास्ता गरे भने सरकारले कानून लागु गर्नका लागि पर्याप्त कदम चालेन ।

बाबु वा आमा नेपाली नागरिक भएको खण्डमा छोराछोरीलाई स्वतः नागरिकता प्रदान गर्न मिल्ने कानूनी प्रावधान भए तापनि नागरिकतासम्बन्धी कानून अस्पष्ट रहेको पाइयो । बाबुको पहिचान थाहा नभएको वा बाबु विदेशी नागरिक भएको अवस्थामा सरकारी अधिकारीहरूले सामान्यतया केवल आमाको नागरिकताको प्रमाणपत्रको आधारमा मात्र छोराछोरीलाई नागरिकताको कागजात जारी गर्न अस्वीकार गरे ।

लैङ्गिक समानता ऐन, २०६३ को बाबजुद पनि ऐनमा तथा ६० वटा अन्य कानूनमा अझै भेदभावपूर्ण प्रावधानहरू छन् । उदाहरणका लागि सम्पत्तिमाथिको हकसम्बन्धी कानूनले जग्गाको भाडा र पारिवारिक सम्पत्तिको बाँडफाँडमा पुरुषलाई बढी अधिकार दिएको छ । कानूनले पुरुषलाई आफ्नो श्रीमती अशक्त भएमा वा उनीबाट सन्तान नभएमा पहिलो श्रीमतीलाई पारपाचुके नगरी दोस्रो विवाह गर्न पाउने छुट प्रदान गरेको छ ।

महिलालाई बेचबिखन र दुर्व्यवहारबाट जोगाउने प्रयत्नस्वरूप सरकारले ३० वर्ष मुनिका महिलालाई घरेलु रोजगारका लागि खाडी मुलुकहरूमा जान मनाही गऱ्यो । ह्युमन राईट्स वाचका अनुसार नयाँ नियमावलीले बेचबिखन वा दुर्व्यवहारलाई नरोक्ने र महिलाहरूलाई अन्य तरिकामार्फत खाडी मुलुकमा जान बाध्य तुल्याउने भएकाले उनीहरू थप शोषणको जोखिममा पर्छन् । बेचबिखन विरुद्ध काम गर्ने गैरसरकारी संस्थाहरूका अनुसार त्यस्ता घटनाहरू भए तापनि कुनै विश्वसनीय तथ्याङ्क भने उपलब्ध भएन । युवा पुरुषहरूलाई खाडी मुलुक जानबाट सोही किसिमको प्रतिबन्ध नलगाइएको हुनाले केही गैरसरकारी संस्थाहरूले उक्त नियमावलीलाई विभेदकारी प्रावधानका रूपमा पनि लिए ।

बालबालिका

<u>जन्म दर्ता</u> : सन् २००६ को नेपाल नागरिकता ऐन बमोजिम नागरिकता बाबुआमामध्ये कुनै एक जनाको नेपाली नागरिकताका आधारमा प्रदान गरिन्छ । बाबु अथवा आमा जुनसुकैको नाममार्फत पनि नागरिकता लिन पाउने अधिकार आवेदकमा रहनेछ भनी सर्वोच्च अदालतले सन् २०११ मा निर्णय दिएको भए पनि स्थानीय आधिकारीहरूमा पहुँचको कमी वा आवेदक तथा सरकारी अधिकारीहरूमा कानूनको अनभिज्ञताका कारण धेरै जनालाई नागरिकताबाट वञ्चित गरियो । यसबाट नागरिकता प्राप्त गर्न र विद्यालयमा भर्ना हुन समस्या भयो । सडक बालबालिका जस्ता बाबुआमा नभएका वा बाबुआमाको पहिचान थाहा नभएका बालबालिकाले धेरै अवरोधहरूको सामना गर्नुपऱ्यो । यद्यपि, संस्थागत संरक्षणमा रहेका बालबालिकाले भने उनीहरूको सम्बन्धित संस्थाको अभिभावकत्वमा नागरिकता हासिल गर्न सक्दछन् । देशको सीमाक्षेत्रमा भेट्टाइएका बाबुआमाको पहिचान नभएका बालबालिकाहरू आफ्ना बाबुआमाको पत्ता नलागुन्जेल वंशजको आधारमा नागरिक मानिन्छन् ।

<u>शिक्षा</u> : देशभर शिक्षा अनिवार्य छैन, तर शिक्षालाई अनिवार्य बनाइएका १३ वटा नमूना जिल्लाहरू छन् । सरकारी नीतिले ५ देखि १२ वर्ष उमेरका सबै बालबालिकालाई निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था गरेको छ । तर अधिकांश विद्यार्थीहरूले परीक्षा शुल्क र विद्यालय पोशाकको खर्च व्यहोर्नुपऱ्यो । सरकारका अनुसार विद्यालय जाने उमेरका ९५ प्रतिशतभन्दा बढी बालबालिकाहरू प्राथमिक विद्यालय गए । ग्रामीण क्षेत्रका दुई-तिहाई बालिकाहरू विद्यालय नजाँदा शिक्षामा लैङ्गिक खाडल देखा पऱ्यो । महिलाको साक्षरता दर झन्डै ४४.५ प्रतिशत र पुरुषको साक्षरता दर ७१ प्रतिशत रह्यो । छुट्टै वा

उचित शौचालय नभएका कारण केही विद्यालय जाने उमेरका बालिकाहरू विद्यालय गएनन् । शिक्षा विभागका अनुसार २५-३० प्रतिशत सामुदायिक विद्यालयमा छात्राहरूका लागि छुट्टै शौचालय थिएनन्, जुन सन् २०१३ को तुलनामा ५-१० प्रतिशत सुधार हो ।

स्वास्थ्य सेवा : बालबालिका तथा वयस्कहरूलाई सरकारले निःशुल्क सामान्य स्वास्थ्य सेवा उपलब्ध गराए तापनि आमाबाबुबाट छोरीहरूमाथि हुने विद्यमान भेदभावका कारण स्वास्थ्य उपचारको सम्बन्धमा गरिब बाबुआमाले छोराहरूलाई बढी प्राथमिकता दिए ।

बालबालिका विरुद्ध हिंसा : यौन दुर्व्यवहार लगायत बालबालिका विरुद्धको हिंसा व्यापक रहेको खबर प्राप्त भए तापनि दुर्व्ययवहारको स्तरसम्बन्धी भरपर्दा अनुमानहरू भने उपलब्ध छैनन् । बालबालिका विरुद्धका दुर्व्यवहार र हिंसालाई सम्बोधन गर्न हेल्पलाइन, ७५ वटै जिल्लामा शाखा रहेको केन्द्रीय बाल कल्याण समिति लगायतका सरकारका केही संयन्त्रहरू छन् । केही स्थानहरूमा यी निकायहरूले हेल्पलाइन सञ्चालन गर्ने गैससहरूलाई पर्याप्त सहयोग प्रदान गरेनन् । समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) नामक गैससका अनुसार गाउँ स्तरमा बाल संरक्षण समिति तथा विद्यालयहरूमा अभिभावक-शिक्षक संघ जस्ता सामुदायिक संयन्त्रहरूलाई बलिया बनाउँदा घर तथा विद्यालयमा हुने बालबालिका विरुद्धका हिंसा तथा दुर्व्यवहारका घटनाहरूको उजुरीमा वृद्धि भएको छ । सिविसका अनुसार यस्ता उजुरीहरू हुँदा प्रहरीले राम्रोसँग सम्बोधन गरेको देखिएन ।

बालविवाह तथा जबरजस्ती विवाह : कानूनले केटीलाई १८ वर्षको उमेरभन्दा अगाडि विवाह गर्न प्रतिबन्ध लगाएको छ । देशका धेरै भागमा परिवारहरूले यदाकदा आफ्ना कलिला उमेरका बालबालिकालाई जबरजस्ती विवाह गर्न लगाए तापनि सन् २००२ यता बालविवाह तथा जबरजस्ती विवाहको सङ्ख्या घट्दो क्रममा रहेको छ । सन् २००५ देखि २०१३ सम्मको तथ्याङ्कमा आधारित रही जुलाईमा प्रकाशित भएको राष्ट्रसंघीय बालकोषको प्रतिवेदन अनुसार बालविवाह तथा जबरजस्ती विवाहको व्याप्तता उच्च छ । २० देखि ४९ वर्षका झन्डै १८ प्रतिशत महिलाहरूको विवाह १५ वर्षभन्दा कम उमेरमा भएको पाइयो भने लगभग ३४ प्रतिशत महिलाको विवाह वा सहवास १५ देखि १८ वर्षको उमेरबीच भएको पाइयो ।

सामाजिक, आर्थिक र सांस्कृतिक मान्यताहरूले बालविवाह तथा जबरजस्ती विवाहको चलनलाई प्रवर्द्धन गरेको पाइयो । कानूनले बालविवाहमा संलग्न बालिकाको उमेरको आधारमा अपराध विरुद्ध दण्डको व्यवस्था गरेको छ । दण्डअन्तर्गत कारागार सजाय र जरिवाना पर्दछ, जसमा जम्मा गरिएको जरिवाना रकम सम्बन्धित बालिकालाई हस्तान्तरण गरिन्छ । मुलुकी ऐन अनुसार बालविवाहको मुद्दा दर्ता हुने बित्तिकै सरकारले त्यस उपर कार्यवाही गर्नु पर्दछ ।

सरकारले बालविवाह तथा जबरजस्ती विवाहसम्बन्धी समस्याका सम्बन्धमा स्थानीय बालअधिकार समूह र अन्तर्राष्ट्रिय दातृ संघसंगठनहरूसँग सहकार्य गऱ्यो । छात्राहरूका लागि छात्रवृत्ति कार्यक्रम जस्ता सरकारद्वारा सञ्चालित केही बाल संरक्षण र कल्याणका कार्यक्रमहरूमार्फत बालिकाहरूलाई विद्यालयमा रहन प्रोत्साहन गर्ने प्रयास भए ।

महिलाको यौनाङ्ग छेदन : नेपालमा महिलाको यौनाङ्ग छेदन चलन नभएकोले यसलाई निषेध गर्ने कुनै कानून छैन ।

बालबालिकाको यौन शोषण : गैससहरूका अनुसार बालबालिकामाथि व्यावसायिक यौन शोषण गम्भीर समस्याको रूपमा रहऱ्यो । सडक बालबालिकाहरू वेश्यावृत्तिद्वारा जीवन गुजारा गरिरहेको र नाबालिग केटीहरू डान्स बार, मसाज पार्लर तथा क्याबिन रेष्टुरेण्टमा काम गरिरहेको रिपोर्टहरू आए । सहमतिमा यौन सम्बन्ध राख्नका लागि न्यूनतम उमेर १६ वर्ष रहेको छ । जबरजस्ती करणीमा दिइने सजाय पीडितको उमेर र सम्बन्धमा भर पर्दछ । पीडितको उमेर १४ वर्षभन्दा कम भएमा ६ देखि १० वर्ष कैद सजाय र महिलाको उमेर १४ वर्ष वा बढी भएमा तीनदेखि पाँच वर्ष कैद सजाय हुनसक्छ । जबरजस्ती करणीको प्रयासको लागि जबरजस्ती करणीको लागि भन्दा आधा सजाय हुन्छ ।

बाल अश्लिलतालाई कानूनले प्रतिबन्ध गरेको छ, जसअन्तर्गत रु. एक लाख (एक हजार डलर) जरिवाना वा ५ वर्षसम्म कैद सजाय वा दुबै हुनसक्ने व्यवस्था छ ।

विस्थापित बालबालिका : एक दशक लामो माओवादी द्वन्द्वबाट प्रभावित आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको वास्तविक सङ्ख्या र विस्थापित रहेकाहरूको सङ्ख्या जस्ता बालबालिकासँग सम्बन्धित विस्तृत तथ्याङ्क सरकारसँग भएको पाइँदैन । सन् २००९ मा ५३ जिल्लाबाट प्राप्त जानकारीमा आधारित प्रतिवेदनमा केन्द्रीय बाल कल्याण समितिले ९,६९१ बालबालिका बाबुआमा सहित विस्थापित भएका, विस्थापित ३,९३० बालबालिकाले बाबु वा आमामध्ये एक जना गुमाएका र विस्थापित १,६५७ बालबालिकाले बाबु र आमा दुवै गुमाएका छन् भन्ने कुरा अभिलेख गरेको छ । विस्थापित हुनेको सङ्ख्यामा पनि फरकफरक अनुमान भएको पाइयो ।

संस्थागत बालबालिका : अनाथालय तथा बालगृहमा राखिएका बालबालिकामाथि दुर्व्यवहार सामान्य रहेको भन्ने खबरहरू प्राप्त भए । यस क्षेत्रमा कार्यरत एक गैससले गरेको अनुमान अनुसार दर्ता भएकामध्ये झन्डै १० प्रतिशत बालगृहहरूले मात्रै सञ्चालनका न्यूनतम कानूनी मापदण्डहरू पूरा गरेका छन् । त्यसै गरी सन् २०१३ मा सिविसले सम्पन्न गरेको अध्ययन अनुसार काठमाडौँ उपत्यकामा रहेका त्यस्ता थोरै बालगृहहरूले केन्द्रीय बाल कल्याण समितिका मापदण्डहरू पूरा गरेका छन् र

उनीहरूले केही आधारभूत सेवाहरू प्रदान गरिरहेका छन् । गैससका प्रतिवेदन अनुसार केन्द्रीय बाल कल्याण समिति तथा जिल्लाहरूमा रहेका बाल कल्याण समितिहरूद्वारा पर्याप्त मात्रामा बालगृहहरूको निरीक्षण भएको छैन र उनीहरूले दर्ता नभएका अन्दाजी २५ प्रतिशत बालगृहहरूलाई समेटेका छैनन् ।

एक गैससको अनुमान अनुसार दर्ता भएका बालगृहहरूमा रहेकामध्ये करिब ६७ प्रतिशत बालबालिका अनाथ होइनन् र सायद दर्ता नभएका बालगृहहरूमा रहेका बालबालिकाको आँकडा पनि मिल्दोजुल्दो नै छ । केन्द्रीय बाल कल्याण समितिका अनुसार रकम प्रदान गर्ने विदेशी स्वयंसेवक तथा दाताहरूको सहानुभूति बटुल्नका लागि संस्थागत रूपमा राखिएकामध्ये धेरै बालबालिकाहरूलाई अनाथ वा असहाय भनी गलत रूपमा प्रस्तुत गरिएको छ । त्यसै गैससका अनुसार कर्मचारीहरूले कहिलेकाहीँ बालबालिकाहरूलाई आफ्ना बाआमाका विषयमा सत्य कुरा बताए भने राम्रो हुने छैन भनी धम्काउने वा दुर्व्यवहार गर्ने, उनीहरूलाई भोकभोकै राख्ने वा अन्य खराब व्यवहार गरेका छन् । सहानुभूति तथा आर्थिक सहयोग आकर्षित गर्नका लागि उनीहरू सत्यलाई लुकाउने गर्छन् । सरकारी निकायहरूले दुर्व्यवहार विरुद्ध कार्यवाही गर्दा अक्सर नागरिक समाज तथा सम्बन्धित व्यक्तिहरूले संरक्षण गर्ने गरेका छन् । केन्द्रीय बाल कल्याण समितिले बालबालिका उद्धार कार्यमा भाग लिएका घटनाहरूमा केही बालगृहहरूको सञ्चालन अनुमति खारेज भएको वा उनीहरूलाई पाँच वर्षसम्म काम गर्न निषेध गरिएका समाचारहरू आएका छन् ।

जुलाईमा प्रहरीले नेपाल बाल संगठन (बाल मन्दिर) को धर्मसन्तान कार्यक्रममा पूर्व प्रमुख रविन श्रेष्ठ र बाल मन्दिरमा युवा क्लब सञ्चालन गर्ने पूर्व विद्यार्थी रविन चालिसेलाई बालगृहमा राखिएका बालबालिकालाई बारम्बार बलात्कार गरेको र उनीहरूमाथि यौन दुर्व्यवहार गरेको आरोपमा पक्राउ गऱ्यो । उक्त फौजदारी मुद्दा विचाराधीन रहेको छ ।

अन्तर्राष्ट्रिय बाल अपहरण : राष्ट्रले सन् १९८० को हेग कन्भेन्शन अन् द सिभिल एस्पेक्ट्स अफ इन्टरनेशनल चाइल्ड एब्डक्शनमा हस्ताक्षर गरेको छैन ।

यहूदी विरोधी कार्य

देशमा यहूदीहरूको सानो समुदाय भए तापनि यहूदी विरोधी कुनै पनि कार्य भएको रिपोर्ट भएन ।

मानव बेचबिखन

मानव बेचबिखनका लागि अमेरिकी विदेश मन्त्रालयको वार्षिक प्रतिवेदन
www.state.gov/j/tip/rls/tiprpt/ मा हेर्नुहोस् ।

अपाङ्गता भएका व्यक्तिहरू

अन्तरिम संविधान, २०६३ ले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई सम्बोधन गर्दछ तर अपाङ्गता भएका व्यक्तिहरूका अधिकार र उनीहरूका लागि सुविधाहरूको सुधारका लागि सरकारले कानून र नियमहरू लागु गर्ने प्रयास प्रभावकारी भएन । सन् २०१२ मा सर्वोच्च अदालतले शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्तिका लागि मासिक भत्ता र आवासको व्यवस्था गर्ने तथा प्रत्येक जिल्लामा एक जना सामाजिक कल्याण कार्यकर्ता खटाउने जस्ता कार्यहरू गर्न सरकारलाई आदेश दियो । जुलाईमा सरकारले अपाङ्ग भत्तालाई विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि विस्तार गऱ्यो । लोक सेवामा ५ प्रतिशत अनिवार्य रोजगारी कोटाको प्रयोग गर्दै सरकारले अपाङ्गता भएका १७५ व्यक्तिहरूलाई शिक्षकका रूपमा नियुक्त गऱ्यो ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अपाङ्गता भएका व्यक्तिको सुरक्षाको लागि जिम्मेवार थियो । साथै, शिक्षा मन्त्रालयले ६२,००० जना अपाङ्गता भएका बालबालिकालाई सरकारी वा निजी विद्यालयमा प्राथमिक तहको पढाइका लागि छात्रवृत्ति प्रदान गऱ्यो । खास गरी विद्यालयसम्म पुग्नका लागि झेल्नुपर्ने कठिनाइ, विद्यालय रहेको स्थान र बाबुआमामाथि पर्ने आर्थिक भारका कारण शिक्षाका माथिल्ला तहहरूमा निकै कम विद्यार्थीहरू रहेको पाइयो । विद्यालयहरूमा अपाङ्गता भएका विद्यार्थीहरूमाथि दुर्व्यवहार हुने गरेको सुनिए तापनि यस वर्ष कुनै पनि मुद्दा अदालत वा सम्बन्धित निकायमा दर्ता भएको पाइएन ।

स्थानीय विकास मन्त्रालयले स्थानीय विकास निकायहरूको ५ प्रतिशत बजेट अपाङ्गतासम्बन्धी कार्यक्रमहरूको लागि छुट्यायो । अपाङ्गका लागि काम गर्ने केही गैरसरकारी संस्थाहरूले सरकारबाट सहयोग रकम प्राप्त गरे । तर प्रायःजसो शारीरिक र मानसिक रूपले अशक्त व्यक्तिहरू मद्दतको लागि परिवारमाथि नै निर्भर भए ।

अपाङ्गता भएका व्यक्तिहरूले मतदान गर्न तथा नागरिक मामिलाहरूमा सहभागी हुन पाउने अधिकारसम्बन्धी कानूनमा कुनै बन्देज छैन । यद्यपि, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका अनुसार यी अधिकारहरू उपभोग गर्नका लागि बाधा व्यवधानहरू थिए । खास गरी उनीहरूलाई सरकारी सेवासुविधाहरूमा पहुँचको अभाव थियो ।

नेपाल मानव अधिकार आयोगमा मानसिक रोगका आधारमा गरिएको भेदभावसम्बन्धी ३७ वटा उजुरीहरू प्राप्त भए । मानसिक स्वास्थ्यसम्बन्धी सेवाहरू ठूला सहरमा उपलब्ध थिए । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले यस वर्ष मानसिक स्वास्थ्यसम्बन्धी संघसंगठनहरूलाई प्रदान गर्ने सहयोगलाई दुई गुना वृद्धि गर्दै रु. ५ लाखबाट रु. १० लाख (५,००० बाट १०,००० डलर) पुऱ्यायो ।

राष्ट्रिय/वर्गीय/जातीय अल्पसङ्ख्यकहरू

हरेक समुदायसँग "आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गर्ने" तथा प्राथमिक तहमा आफ्नो मातृ भाषामा विद्यालय सञ्चालन गर्ने अधिकार हुनेछ भन्ने कुरा कानूनद्वारा निर्धारण गरिएको छ । सरकारले सामान्यतया यी प्रावधानहरूको पालना गऱ्यो । देशमा ५० भन्दा बढी छुट्टाछुट्टै भाषा बोल्ने ७५ भन्दा बढी जातीय समुदाय छन् । यीमध्ये कुनै समूहरू आदिवासी जनजाति छन् ।

तल्लो जात भनिएका मानिस तथा केही जातीय समुदाय विरुद्ध भेदभाव विशेष गरी तराई क्षेत्र र ग्रामीण इलाकामा बढी भएको पाइयो ।

जातीयतामा आधारित भेदभाव गैरकानूनी छ । सरकारले दलितहरूमाथि हुने सार्वजनिक वहिष्कारलाई गैरकानूनी घोषणा गऱ्यो र पिछडिएका जातिहरूको अधिकारका संरक्षणका लागि प्रयास गऱ्यो । नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका अनुसार विभेद न्यून गर्ने कार्यमा सरकारको प्रगति ग्रामीण क्षेत्रहरूमा सीमित रह्यो र विभेदको आरोप लागेका मुद्दाहरूको अनुसन्धान गर्न प्रहरी हिचकिचायो । सञ्चार माध्यम तथा दलित अधिकारको पक्षमा पैरवी गरिरहेका गैससहरूका अनुसार अन्तरजातीय विवाहमाथिको प्रतिरोधका कारण केही अवस्थामा समुदायबाट जबरजस्ती निकाला गर्ने कार्य भयो । दलितहरूलाई मन्दिर तथा चिया पसल प्रवेशमा रोक लगाइएको, धारामा पानी भर्न नदिइएको र त्यस्ता परिस्थितिहरूमा उनीहरूले कहिलेकाहीँ हिंसाको सामना गर्नु परेका समाचारहरू सञ्चारमाध्यहरूले समेटेका छन् । गैससहरूका अनुसार यस्ता अभ्यासहरू घट्दै गए तापनि अझै प्रचलनमा छन् । सञ्चार माध्यमका अनुसार मे १४ का दिन बुटवल नगरपालिकामा माथिल्लो जातको एक परिवारले सबिता विश्वकर्मामाथि सार्वजनिक धारामा पानी भर्दै गर्दा कुटपिट गऱ्यो । त्यस समयमा उनी गर्भवती थिइन् र कुटपिटबाट उनको होश गुम्न पुग्यो ।

मुख्यतः काठमाडौँ उपत्यकामा राम्रो शिक्षा र सम्पन्नताले गर्दा जातीय विभेद विस्तारै घट्दै गयो र निम्न सामाजिक आर्थिक समूहहरूको अवसरहरू बढ्दै गयो । बढी शिक्षित र सहरमुखी जातहरूले राजनीति र वरिष्ठ प्रशासकीय र सैनिक ओहदाहरूमा आफ्नो प्रभुत्व कायम गरी राखे र प्राकृतिक स्रोतहरू असमानुपातिक तवरले नियन्त्रण गरी राखे ।

आदिवासी जनजाति

सरकारले ५९ जातीय/जात समूहहरूलाई आदिवासी जनजातिको मान्यता दिएको छ, जुन कुल जनसङ्ख्याको झन्डै ३६ प्रतिशत हो । तुलनात्मक रूपमा केही समुदायहरू बढी सुविधाप्राप्त भए तापनि सरकारी स्रोत तथा राजनीतिक निकायहरूमा धेरैको असमान पहुँच रह्यो भने उनीहरूले भाषिक, धार्मिक तथा सांस्कृतिक विभेदको समेत सामना गर्नुपर्‍यो ।

जनजाति समूह तथा सरकारी निकायहरूबीच कहिलेकाहीँ स्थानीय स्रोतसाधनमाथिको नियन्त्रण र विकास आयोजनाका लाभ वितरणसम्बन्धी द्वन्द्व भयो । कुनै विवादहरू अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १६९ अन्तर्गतको मुलुकको दायित्वसम्बन्धी व्याख्यालाई लिएर भएका छन् । उक्त महासन्धिले आफूहरूलाई प्राकृतिक स्रोतसम्पदामाथि विशिष्ट हक दिएको तर्क जनजाति समूहहरूको छ ।

जुन महिनामा हिमाली जिल्ला डोल्पाको धो गाउँमा यार्चागुम्बाको राजस्व सङ्कलनसम्बन्धी विवाद भएपछि स्थानीय बासिन्दा तथा प्रहरीबीच हिंसात्मक झडप भयो । एक औषधिजन्य बुटीका रूपमा यार्चागुम्बालाई निकै मूल्यवान् ठानिन्छ । विगत ५ वर्षदेखि स्थानीय बासिन्दाहरूले बाहिरबाट यार्चागुम्बा टिप्न आउने मानिसहरूबाट प्रति व्यक्ति रु. १,५०० (१५ डलर) शुल्क उठाउँदै आएका थिए । नजिकैको राष्ट्रिय निकुञ्जको प्रशासनबाट मान्यता प्राप्त मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले यस शुल्कलाई अवैध घोषणा गरिदियो । समितिले रु. ८ लाख (८,००० डलर) खोसेपछि स्थानीयहरूले रकम फिर्ताको माग गरे । घटनामा प्रहरीले हस्तक्षेप गरेपछि भीडन्त हुन गई दुई जनाको ज्यान जानुका साथै कैयौँ घाइते भए । सरकारले उक्त घटनासम्बन्धी छानबिन गर्नका लागि एक समिति गठन गरे तापनि डोल्पाका स्थानीय समूहहरूले उक्त समितिलाई पूर्वाग्रही ठहराउँदै बारम्बार विरोध प्रदर्शन गरे ।

यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचानका आधारमा गरिने हिंसात्मक कार्य, भेदभाव र हिंसाका कार्य

समलिङ्गी गतिविधिलाई अपराध ठहर गराउने त्यस्तो कुनै विशेष कानून थिएन । महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्विलिङ्गी, र तेस्रोलिङ्गी (एल्जीबीटी) व्यक्तिहरूले सक्रिय र खुला रूपमा आफ्ना अधिकारहरूको वकालत गरे । एल्जीबीटी अधिकारकर्मीहरूले नयाँ संविधानमा लैङ्गिक अल्पसङ्ख्यकहरूको संरक्षणको लागि आवाज उठाए ।

सन् २००७ मा सर्वोच्च अदालतले एल्जीबीटीहरूको आधारभूत अधिकारलाई संरक्षण गर्ने कानून बनाउन, तेस्रो लिङ्गीलाई नागरिकता प्रदान गर्न र लैङ्गिक रूपमा भेदभावपूर्ण सम्पूर्ण कानूनहरूको

संशोधन गर्न आदेश दियो । सन् २००७ को निर्णय लागु गर्नेतर्फ सुरुमा ढिलाइ भयो । सन् २०१३ मा गृह मन्त्रालयले नागरिकताका लागि निवेदन दिनेहरूलाई लिङ्ग अन्तर्गत "अन्य" लेखिएको नागरिकताको प्रमाणपत्र जारी गर्न थाल्यो । एप्रिलमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले एक अधिकारीलाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका लागि सम्पर्क व्यक्तिको रूपमा तोक्यो । एल्जीबीटी समुदायका पक्षमा पैरवी गर्ने स्थानीय गैसस नील हिरा समाजका अनुसार सरकारले एल्जीबीटी व्यक्तिहरूलाई रोजगारी, शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा समान अवसर प्रदान गरेको छैन ।

सरकारी निकाय तथा निजी नागरिकहरूले एल्जीबीटी व्यक्तिहरूमाथि दुर्व्यवहार गरेका खबरहरू प्राप्त भए । नेपाल प्रहरीको मानव अधिकार ईकाईले वर्षभर त्यस्ता दुई वटा घटनाको अभिलेख राख्यो, जुन सन् २०१३ को तुलनामा कम हो । नील हिरा समाजका अनुसार एल्जीबीटी व्यक्तिहरूमाथि दुर्व्यवहार हुने कार्य सामान्य थियो । नील हिरा समाजका अनुसार प्रहरीले एल्जीबीटी यौनकर्मीहरूलाई निशाना बनाउँदै अभियोग बिना नै २५ दिन थुनामा राख्ने गरेको छ । धेरै नागरिकहरूको एल्जीबीटी व्यक्तिहरूप्रति नकारात्मक धारणा रहेको कारण उनीहरूमाथि निम्न तहको दुर्व्यवहार हुने गरेको र नेपाल प्रहरी पनि यसबाट मुक्त हुन नसकेको नेपाल प्रहरीको मानव अधिकार ईकाईले पुष्टि गऱ्यो । तैपनि मानव अधिकार ईकाईले एल्जीबीटी अधिकारसम्बन्धी तालिम सञ्चालन गऱ्यो र दुर्व्यवहार न्यूनीकरण र रोकथामका लागि एल्जीबीटी समुदायसँग निकट सहकार्य गऱ्यो ।

एच्आईभी र एड्ससम्बन्धी सामाजिक लाञ्छना

एच्आईभी रोकथामका सेवा प्रदान गर्नेहरू वा एच्आईभी/एड्स फैलाउन सक्ने उच्च जोखिममा रहेका समूहहरू विरुद्ध आधिकारिक रूपमा भेदभाव भएन तर समाजबाट भने यी समूहहरूमाथि भेदभाव भयो ।

आत्मलाञ्छना लगायत एच्आईभी सङ्क्रमण भएका व्यक्तिहरूलाई लाञ्छित गर्ने कार्य सामान्य रह्यो । मुलुकको सबैभन्दा पछिल्लो जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षणमा ३०.७ प्रतिशत महिला तथा २४.९ प्रतिशत पुरुषले एच्आईभी सङ्क्रमित व्यक्तिहरूप्रति विभेदपूर्ण व्यवहार भएको जनाएका छन् ।

जिल्ला एड्स समन्वय समिति संयोजकहरूका अनुसार अगस्ट २०१३ र जुन २०१४ का बीच ५५२ वटा विभेदकारी घटनाहरू घटे । गैससहरूका अनुसार एच्आईभी सङ्क्रमित व्यक्तिहरूलाई सामाजिक रूपमा स्वीकार गर्ने क्रम बढेको छ । सरकारले स्वास्थ्यकर्मी तथा स्वयंसेवक, सञ्चार माध्यम, प्रहरी, विद्यार्थी तथा शिक्षक, स्थानीय अगुवा र समुदायका सदस्यहरूका लागि सञ्चालन गरेका सचेतना कार्यक्रमहरूका कारण नै मूल रूपमा यस्तो वृद्धि भएको हो ।

एच्आईभीसम्बन्धी सेवा प्रदान गर्ने अधिकांश स्वास्थ्य संस्थाहरूले उल्लेख्य लाञ्छना वा विभेद बिना नै सो सेवा प्रदान गरे भने एचआईभी सङ्क्रमित व्यक्तिहरूले शिक्षा वा स्वास्थ्य संस्थाहरूको पहुँचमा बाधाव्यवधान झेल्नुपर्‍यो । खास गरी तराईमा गर्भवती महिलाहरूलाई प्रसूति सेवा लिने क्रममा यस्तो कठिनाइ भयो । बाँके जिल्लामा एच्आईभी सङ्क्रमित बाबु वा आमाका दुई जना बालबालिकाहरूलाई विद्यालयबाट निष्कासन गरियो । गैसस र जिल्ला स्वास्थ्य तथा शिक्षाका अधिकारीहरूको समन्वयात्मक पहलमा ती बालबालिका विद्यालय फर्कन सफल भए ।

अन्य सामाजिक हिंसा वा भेदभाव

विगतका वर्षहरूको तुलनामा तराई क्षेत्रमा आफूलाई सन् २००७ मा सुरु भएको मधेस आन्दोलनसँग सम्बन्धित बताउने लगायत राजनीतिक इच्छाबाट प्रेरित सशस्त्र समूहहरूको हातबाट भएको हिंसासम्बन्धी कमै मात्र खबरहरू प्राप्त भए । गैरराजनीतिक सशस्त्र समूह र व्यक्तिहरूको हातबाट भने तराईमा अपहरण, चन्दा असुली तथा कुटपिट लगायतको आपराधिक हिंसा व्यापक रह्यो ।

खण्ड ७ : श्रमिकका अधिकार

(क) संगठनको अधिकार र सामूहिक रूपमा सौदाबाजी गर्न पाउने अधिकार

सरकारले विध्वंशकारी वा राजद्रोही ठहर गरेका वा त्यस्तै किसिमका संस्थाहरूमा बाहेक कानूनले कामदारलाई आफूले चाहेको युनियन गठन गर्न वा मन परेको युनियनको सदस्य बन्न पाउने स्वतन्त्रता दिएको छ । संगठनको अधिकार दुबै औपचारिक र अनौपचारिक क्षेत्रका कामदारलाई लागु हुन्छ । गैरनागरिक व्यक्ति ट्रेड युनियनका अधिकारीका रूपमा निर्वाचित हुन पाउँदैनन् र उनीहरूलाई युनियन गठन गर्न पाउने अधिकार छैन । सार्वजनिक यातायात, बैंकिङ्ग, सुरक्षा र स्वास्थ्य सेवा लगायत १६ वटा अत्यावश्यक सेवाहरूमा कार्यरत कर्मचारीहरूलाई बाहेक स्थानीय कामदारहरूलाई हडताल गर्न पाउने अधिकार र सामूहिक सौदाबाजी गर्न पाउने अधिकार छ । सशस्त्र फौजका सदस्य, प्रहरी र उपसचिव वा माथिल्लो तहका सरकारी अधिकारीहरूलाई युनियन गतिविधिमा संलग्न हुन प्रतिबन्धित गरिएको छ । निजी क्षेत्रमा प्रबन्धक तहका कर्मचारीहरूलाई युनियनमा सदस्य बन्न मनाही छ ।

युनियनहरूले प्रतिनिधिको हैसियत प्राप्त गर्नका लागि कम्तीमा २५ प्रतिशत कामदारको प्रतिनिधित्व गरेको हुनुपर्छ भनी कानूनमा तोकिएको छ । उल्लिखित न्यूनतम आवश्यकताले वैकल्पिक युनियन समूहहरू गठन गर्न भने प्रतिबन्ध गर्दैन र यिनले हडतालहरू आह्वान गर्न सक्छन् र सरकारसँग प्रत्यक्ष वार्तालापमा सहभागी हुन सक्छन् । अनौपचारिक क्षेत्रका कामदारहरूलाई पनि युनियन गठन गर्न पाउने अधिकार छ । तर धेरै कामदारहरू यी अधिकार बारे अनभिज्ञ थिए ।

कानूनले युनियनका प्रतिनिधिहरूलाई सामूहिक सौदाबाजी लगायत युनियनसम्बन्धी आधिकारिक जिम्मेवारीका सम्बन्धमा उनीहरूमाथि हुनसक्ने प्रतिकूल कानूनी कार्यवाहीबाट संरक्षण प्रदान गरेको छ र युनियनविरोधी भेदभावलाई प्रतिबन्ध गरेको छ । यदि कामदारहरू युनियन गतिविधिमा संलग्न भएका कारण निष्कासित भएमा उनीहरूले श्रम विभागमा मुद्दा दर्ता गर्न सक्छन् । विभागसँग अर्धन्यायिक र मध्यस्थता गर्ने अधिकार छ । प्रायः मुद्दाहरू मध्यस्थता मार्फत सुल्झिन्छन् । कानून अनुसार रोजगारदाताहरूले केवल सीमित परिस्थितिमा र तीन पटकको दूराचारीपूर्ण कार्यपश्चात् मात्र कामदारलाई कामबाट निष्कासन गर्न सक्छन् । कानूनी आवश्यकताहरू पूरा नगरेको हडतालमा सहभागी भएमा दूराचारीपूर्ण कार्य गरे सरह मानिने भनी कानूनले ठहर गरेको छ । यस्तो कार्यको परिणाम रोजगारीबाट निलम्बन वा बरखास्तसम्म हुनेछ ।

कानूनसम्मत हडताल आयोजना गर्नका लागि ५१ प्रतिशत युनियनका सदस्यहरूले एक गोप्य मतदान मार्फत हडतालको पक्षमा मत हाल्नु पर्दछ र युनियनहरूले हडताल गर्नुपूर्व ३० दिनको सूचना दिनु पर्दछ । यदि युनियन दर्ता भएको छैन, उसले बहुसङ्ख्यकको समर्थन पाएको छैन वा ३० दिनको सूचना जारी नगरी हडताल आह्वान गऱ्यो भने सो हडताललाई गैरकानूनी मानिन्छ ।

स्रोत, अनुगमन तथा सुधारका प्रयत्न अपर्याप्त भएका हुँदा र उल्लङ्घनहरूलाई रोक्न सजाय अपर्याप्त हुँदा प्रचलित कानूनहरूलाई सरकारले पूर्ण रूपमा कार्यान्वयन गर्न सकेन । ढिलाइ र पुनरावेदनका प्रक्रियाहरूमा प्रशासनिक र/वा न्यायिक प्रक्रियाहरू अधीनस्थ थिए । संगठनको अधिकार र सामूहिक रूपमा सौदाबाजी गर्न पाउने अधिकारलाई व्यवहारमा सामान्यतया सम्मान गरियो । सरकारले अत्यावश्यक सेवाको क्षेत्रमा हडताललाई प्रतिबन्ध लगाए तापनि अस्पतालका कामदार, शिक्षा क्षेत्र र यातायात क्षेत्रले यस वर्ष कैयौँ हडतालहरू आह्वान गरे र उनीहरूले कुनै कानूनी दण्ड भोग्नु परेन । धेरै युनियनहरू राजनीतिक दलहरूसँग आबद्ध भएकाले स्वतन्त्रताका साथ कार्य गरेनन् । ट्रेड युनियनहरू बीचको आपसी राजनीतिक झैझगडाका कारण श्रम नेताहरूले सामूहिक सौदाबाजीद्वारा सहमतिमा पुग्न चुनौतीहरूको सामना गर्नुपऱ्यो र प्रायः अवस्थामा समझदारीमा पुग्न ढिलाइ हुने गऱ्यो ।

सरकारले कामदारहरूको संगठन वा युनियन नेताहरूको कार्यसञ्चालनमा हस्तक्षेप गरेन । विगतका वर्षहरूको तुलनामा यस वर्ष श्रम विवादसम्बन्धी प्रमुख हिंसाका घटनाका खबर कम प्राप्त भए । अस्पताल जस्ता अत्यावश्यक सेवा प्रदान गर्ने क्षेत्रमा हडतालहरू निषेधित गरिए तापनि तिनको सङ्ख्यामा वृद्धि भयो । मुलुककै पुरानो अस्पताल वीर अस्पतालमा झन्डै ३०० डाक्टरहरूले गरेको दुई साता लामो हडताल अगस्ट ११ मा डाक्टर तथा स्वास्थ्य मन्त्रालयबीच अस्पतालको प्रविधि बढोत्तरीसम्बन्धी नौ-बुँदे सहमतिमा हस्ताक्षर भएपछि समाप्त भयो । नेकपा-माओवादीसँग आवद्ध एक अप्रमाणित लेबर युनियनले मुलुककै ठूलो सञ्चार गृह कान्तिपुर प्रकाशनद्वारा प्रकाशित अखबारहरूको

वितरणमा अवरोध सिर्जना गऱ्यो । नेकपा-माओवादी नै कान्तिपुरकर्मीहरूको प्रतिनिधित्व गर्ने मूल लेबर युनियन भएको भनी कान्तिपुरले मान्यता दिनुपर्ने भन्दै दवाब दिने प्रयत्न स्वरूप उक्त अवरोध गरिएको थियो । आफ्ना कर्मचारीहरूको प्रतिनिधित्व अन्य प्रमाणित स्वतन्त्र युनियनहरूबाट भएको थियो कान्तिपुरले नेकपा-माओवादीका मागहरूलाई अस्वीकार गऱ्यो ।

(ख) जबरजस्ती वा अनिवार्य श्रमको निषेध

कानूनले दासत्व र बँधुवा श्रम लगायत सबै प्रकारका जबरजस्ती वा अनिवार्य श्रमलाई गैरकानूनी घोषणा गरेको छ र एकदेखि २० वर्षसम्म कैद सजाय र दुई लाख रूपैयाँ (२,००० डलर) सम्म जरिवाना तोकेको छ । जबरजस्ती श्रमको उद्देश्यसहित बलपूर्वक, जालसाजीपूर्ण रूपमा वा करकापमार्फत गरिने व्यक्तिको छनोट, ओसारपसार वा आश्रय दिने कार्यलाई कानूनले अपराधीकरण गरेको छैन । सीमित स्रोतका बाबजुद सरकारले बेचबिखन उन्मूलनका न्यूनतम मापदण्डहरूको पालनाका लागि उल्लेख्य प्रयत्न गऱ्यो । तर पनि नेपाल जबरजस्ती श्रमका लागि पुरुष, महिला र बालबालिकाको बेचबिखनका लागि स्रोत, ट्रान्जिट तथा गन्तव्य मुलुकको रूपमा रहचो ।

सरकारले बँधुवा श्रम विरुद्ध कानूनको कार्यान्वयन असमान तवरले गरेको थियो र पीडितहरूको सामाजिक समायोजन गाह्रो रहचो । स्रोत, निरीक्षण तथा सुधारका प्रयत्न अपर्याप्त थिए भने उल्लङ्घनहरूलाई रोक्न सजाय काफी थिएनन् । यस वर्ष सरकारले २,४५७ जना थारू समुदायका कमैयाहरूको पुनःस्थापना गऱ्यो । १४ वर्षअघि मुक्त भएका यी कमैयाहरूलाई सरकारले आर्थिक, भौतिक तथा अन्य सामाजिक सुरक्षासम्वन्धी लाभहरू प्रदान गऱ्यो । यद्यपि, कैयौँ पूर्व कमैया परिवारहरूले नदीका किनार तथा बाँझा जमिनमा दयनीय अवस्थामा जीवन बिताइरहे । उनीहरूका लागि रोजगारका अवसर तथा शिक्षामा सीमित पहुँच थियो । जुलाईमा कमैया समूहहरूले सरकारसँग मुक्त कमैयासम्बन्धी उच्चस्तरीय आयोग गठन गर्न, आफूहरूले पाउने रकमलाई १० हजार रूपैयाँ (१०० डलर) बाट वृद्धि गरी कम्तीमा ५० हजार रूपैयाँ (५०० डलर) पुऱ्याउन र प्रत्येक परिवारलाई घर बनाउन पुग्ने जमिन र निर्माण सामग्री प्रदान गर्न माग गरे ।

पूर्व कमलरीहरूले सन् २०१३ मा काठमाडौँ र मध्य तथा सुदूरपश्चिम क्षेत्रमा विरोध प्रदर्शन तथा हडताल गरेपछि सरकार बँधुवा श्रमको प्रथालाई उन्मूलन गर्न (गैरकानूनी रहेको अवस्था भैसकेको भए तापनि) र पीडितका परिवारलाई क्षतिपूर्ति प्रदान गर्न सहमत भयो । पूर्व कमलरीहरूको शिक्षाका लागि सरकारले १२ करोड रूपैयाँ (१२ लाख डलर) छुट्याएको थियो तर निकायहरूले पूरा रकम खर्च गर्न सकेनन् ।

साथै अमेरिकी विदेश मन्त्रालयको मानव बेचबिखनसम्बन्धी वार्षिक प्रतिवेदन
www.state.gov/j/tip/rls/tiprpt/ मा हेर्नुहोस् ।

(ग) बाल श्रमको निषेध र रोजगारीको लागि न्यूनतम उमेर

कानूनले रोजगारीको लागि न्यूनतम उमेर १४ वर्ष तोकेको छ र जोखिमपूर्ण कामको लागि १६ वर्ष तोकेको छ र अनुकूल काम गर्ने वातावरण हुनुपर्ने भनेको छ । रोजगारदाताहरूले १४ देखि १६ वर्ष उमेरका कामदारहरूको अभिलेख राख्नुपर्दछ । बालबालिकालाई कारखाना, खानी र वर्गिकृत गरिएका अन्य ६० वटा जोखिमपूर्ण कामहरूका लागि रोजगारीमा लगाइन नपाइने र १६ देखि १८ वर्षका बालबालिकालाई हप्तामा ३६ घण्टा (बिहान ६ बजे देखि साँझ ६ बजे भित्रको समयमा दिनको ६ घण्टासम्म र हप्ताको ६ दिनसम्म) मात्र काम गराउन पाउने गरी कानूनले निर्धारण गरेको छ । गैरकानूनी रूपमा बालबालिकाहरूलाई काममा लगाउनेहरू माथि कानूनले दुई वर्षसम्म कैद सजाय र रु. एक लाख (१,००० डलर) सम्मको जरिवानाको व्यवस्था गरेको छ । तर सो कानूनको पूर्ण रूपमा कार्यान्वयन भएको पाइएन ।

बाल श्रमसम्बन्धी कानून कार्यान्वयनका लागि जिम्मेवार श्रम तथा रोजगार मन्त्रालयको कार्यान्वयन अपर्याप्त थियो र औपचारिक तथा अनौपचारिक क्षेत्रहरूमा उल्लेखनीय मात्रामा बाल श्रमको प्रयोग भएको पाइयो । श्रम विभागका अनुसार उसले आफ्नो निरीक्षणका लागि र ११ वटा नयाँ निरीक्षक पद थप गरी जम्मा पद सङ्ख्या २१ पुऱ्यायो । यीमध्ये केही पदहरू निजामति कर्मचारीहरूको नियमित सरुवा तथा कानून कार्यान्वयनप्रति समर्पित स्रोतहरू सीमित भएका कारण रिक्त रहेका थिए । बाल श्रम विरुद्ध सङ्घर्ष गर्ने र अन्ततः त्यसलाई उन्मूलन गर्ने उद्देश्यसहित बनेका विभिन्न कानून तथा नीतिहरू छन् । १० हजार रुपैयाँ (१०० डलर) जरिवाना र एक वर्ष कैद सजायदेखि लिएर दुई लाख रूपैयाँ (२,००० डलर) जरिवाना र २० वर्ष कैद सजायसम्मको व्यवस्था छ । कृषि, घरेलु काम, भारी बोक्ने पेशा, रिसाइक्लिङ र यातायात जस्ता अनौपचारिक क्षेत्रमा बाल श्रम प्रयोग भएको पाइयो । सबैभन्दा बढी दुर्व्यवहार इँटा कारखाना, ढुङ्गा फुटाउने उद्योग, कार्पेट उद्योग, जरि उद्योग र मनोरञ्जनको क्षेत्रमा भएको खबर आयो । अनौपचारिक क्षेत्रमा काम गर्ने बालबालिकाहरूले लामो समयसम्म अस्वस्थ वातावरणमा काम गरे, गह्रौँ भारी बोके, यौन शोषणको खतरामा रहे र बेलाबखत विभिन्न स्वास्थ्य समस्या भोगे (भाग ६, बालबालिका हेर्नुहोस्) ।

काठमाडौँ उपत्यकाको ललितपुरस्थित समाज कल्याण विभागले १४ वर्ष मुनिका ४९ जना बाल घरेलु कामदारहरूको उद्धार गऱ्यो । अधिकांश दोषीहरूले प्रत्येक पीडितलाई क्षतिपूर्ति स्वरूप रु. ५,०००-१०,००० (५०-१०० डलर) रकम भुक्तानी गरे । सो कार्यवाही “हरियो झण्डा अभियान” अन्तर्गत गरिएको थियो । वर्षको अन्त्यसम्ममा ललितपुरबाट बालश्रम मुक्त गर्ने लक्ष्यसहितको उक्त अभियानलाई अन्य केही नगरपालिकाहरूमा समेत अवलम्बन गरिएको थियो ।

हालसम्म उपलब्ध सबैभन्दा पछिल्लो सर्वेक्षण सन् २००८ को नेपाल श्रमशक्ति सर्वेक्षणका अनुसार पाँचदेखि नौ वर्ष उमेरका बालबालिकाको श्रम सहभागिता १३.४ प्रतिशत रहेको थियो भने १० देखि १४ वर्ष उमेरका बालबालिकाको श्रम सहभागिता ५२.७ प्रतिशत रहेको थियो ।

साथै अमेरिकी श्रम मन्त्रालयद्वारा प्रकाशित बाल श्रमसम्बन्धी प्रतिवेदन www.dol.gov/ilab/reports/child-labor/findings/ मा गई हेर्नुहोस् ।

(घ) रोजगारी वा पेशासँग सम्बन्धित विभेद

अन्तरिम संविधान, २०६३ ले धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्थाका आधारमा गरिने विभेदलाई निषेध गरेको छ । महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग र "आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका" व्यक्तिहरूको संरक्षण, सशक्तीकरण वा विकासका लागि सरकारले विशेष व्यवस्था गर्नसक्ने कुरा अन्तरिम संविधानमा लेखिएको छ । भुक्तानी वा पारिश्रमिक दिँदा गरिने लैङ्गिक विभेदलाई श्रम नियमावलीले निषेध गरेको छ । अन्तरिम संविधान, कानून वा नियमावलीहरूमा यौनिक अभिमुखीकरण वा लैङ्गिक पहिचान, एच्आईभी पोजिटिभ अवस्था वा अन्य सरुवा रोगका सम्बन्धमा श्रम विभेद लगायत विभेदलाई स्पष्ट रूपमा निषेध गर्ने प्रावधानहरू छैनन् ।

यिनी कानूनी संरक्षणका बाबजुद लिङ्ग, जात, जाति, अपाङ्गता, यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचानका साथै एच्आईभी पोजिटिभ अवस्थालाई लिएर रोजगार तथा पेशामा विभेद व्याप्त रह्यो (भाग ६ हेर्नुहोस्) । यस्तो विभेद सबैभन्दा बढी अनौपचारिक क्षेत्रमा सामान्य रहेको पाइयो, जहाँ सरकार तथा मानव अधिकार संगठनहरूको अनुगमन कमजोर वा अनुपस्थित रह्यो र सुविधावञ्चित समूहमा रहेका व्यक्तिहरूले निकै कम लाभ वा उपचार प्राप्त गरे । औपचारिक क्षेत्रमा सामान्यतया नियुक्ति तथा बढुवाका लागि कथित माथिल्लो जातका सपाङ्ग पुरुषहरूलाई रुचाउँदै श्रम विभेद भएको पाइयो ।

(ङ) कामका स्वीकार्य अवस्थाहरू

सरकारले पछिल्लो पटक सन् २०१३ मा अदक्ष श्रमिकको लागि प्रति महिना न्यूनतम ज्याला रु. ६,२०० बाट रु. ८,००० (६२ बाट ८० डलर) मा बढायो । न्यूनतम ज्यालाले रु. १२५ (१.२५ डलर) प्रति दिनको आधिकारिक गरिबी रेखालाई उछिने तापनि त्यति ज्याला जीवन निर्वाहका लागि चाहिने आधारभूत आवश्यकताको जोहो गर्न मुश्किलले पर्याप्त थियो । न्यूनतम ज्यालासम्बन्धी कानून

औपचारिक (जसले जम्मा जनशक्तिको झन्डै १० प्रतिशत हिस्सा ओगट्छ) र अनौपचारिक दुबै क्षेत्रका लागि लागु हुन्छ, तर त्यसको कार्यान्वयन औपचारिक क्षेत्रमा बढी सशक्त रहचो । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (११ वटा ट्रेड युनियनहरूको साझा मञ्च), नेपाल उद्योग वाणिज्य महासंघ तथा श्रम मन्त्रालयबीच भएको सहमति अनुसार प्रत्येक दुई वर्षमा न्यूनतम पारिश्रमिकको पुनरावलोकन हुनु पर्दछ, अर्थात् अर्को पुनरावलोकन मे २०१५ मा हुनु पर्दछ ।

कानूनले ४८ घण्टे कार्य हप्ता तोकेको छ, जसमा हप्ताको एक दिन बिदा र ५ घण्टा काम गरेवापत आधी घण्टा आराम गर्ने समय तोकेको छ । कानूनले दिनमा ४ घण्टाभन्दा बढी र हप्तामा २० घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्न नपाउने र प्रति घण्टा अतिरिक्त समयको लागि ५० प्रतिशत बढी तलब पाउने गरी सीमित गरेको छ । अत्यधिक रूपमा अतिरिक्त समय अनिवार्य रूपमा काम गर्न गराउन निषेधित गरिएको छ । कर्मचारीहरूलाई सार्वजनिक विदा, बिरामी विदा, वार्षिक विदा, सुत्केरी विदा, मृत्युशोकका लागि विदा, र अन्य विशेष अवस्थाका लागि विदा लिँदा आफ्नो तलब कट्टा नहुने गरी विदा लिन पाउने हक छ । कानूनले पेशागत स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरू तथा सञ्चय कोष, निवासको सुविधा, ५० भन्दा बढी महिला कर्मचारी भएका संस्थामा बच्चाका लागि दिवा हेरचाहको सुविधा, र मातृत्व सुविधा जस्ता अन्य सुविधाहरूको व्यवस्था गरेको छ ।

श्रम मन्त्रालयका अनुसार औपचारिक क्षेत्रका धेरैजसो कलकारखानाहरूले न्यूनतम ज्याला र कार्य समयसम्बन्धी कानूनको आज्ञा पालना गरे तापनि कृषि र घरायसी सेवा लगायतका अनौपचारिक क्षेत्रमा भने कानूनको कार्यान्वयन मिश्रित रहचो । मन्त्रालयमा देशभरका लागि १० जना कारखाना निरीक्षक थिए, जसले श्रम निरीक्षक र पेशागत स्वास्थ्य तथा सुरक्षा निरीक्षकका रूपमा पनि कार्य गरे ।

पेशागत स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरूको कार्यान्वयन तथा प्रवर्द्धन न्यून थियो, र श्रम मन्त्रालयले श्रम कानूनको लागुको सम्बन्धमा सो क्षेत्र सबैभन्दा उपेक्षित क्षेत्र रहेको विश्वास प्रकट गऱ्यो । निर्माण, खानी उद्योग, यातायात, कृषि, र कलकारखाना लगायतका विभिन्न क्षेत्रहरूमा मापदण्डहरूको उल्लङ्घन भएको मन्त्रालयको निरीक्षणमा पाइएको थियो ।

सरकारले पेशागत सुरक्षा र स्वास्थ्यका प्रावधानहरूको कार्यान्वयनका लागि आवश्यक नियामक वा प्रशासनिक संरचनाहरूको निर्माण गरेको थिएन । श्रम मन्त्रालयमा पेशागत सुरक्षा र स्वास्थ्यका लागि भनेर कुनै विशेष कार्यालय छुट्याइएको थिएन, न त सो क्षेत्रमा विशेष तालिम पाएका निरीक्षकहरू नै थिए । उल्लङ्घनहरूलाई रोक्न सजाय पर्याप्त थिएनन् । कानूनले कारखाना निरीक्षकहरूलाई रोजगारदाताहरूलाई असुरक्षित अवस्थाहरूको सुधार गर्न आदेश गर्न सक्ने अधिकार दिए तापनि

सुरक्षाको मापदण्ड न्यून रूपमा लागु भयो र अनुगमन कमजोर रहचो । कार्यस्थलमा हुने मृत्यु र दुर्घटनासम्बन्धी सही तथ्याङ्क नियमित रूपमा सङ्कलन भएनन् । श्रमसम्बन्धी कानून तथा नियमावलीहरूले कामदारहरूले आफ्नो रोजगारी धरापमा नपर्ने गरी आफूलाई स्वास्थ्य वा सुरक्षालाई खतरामा पार्ने परिस्थितिबाट निकाल्न सक्छन् वा सक्दैनन् भन्ने कुरा किटान गरेका छैनन् ।

सरकारले श्रम ठेकेदारी गर्ने अर्थात् वैदेशिक रोजगारीका लागि कामदारहरू पठाउने म्यानपावर कम्पनीहरूलाई नियन्त्रित गऱ्यो र जालसाजीपूर्ण रूपमा कामदारहरू लिने अभ्यासलाई दण्डित गऱ्यो । कही सरकारी अधिकारीहरूले नक्कली भ्रमण कागजातहरू बनाउन सहयोग गरे र श्रम ठेकेदारहरूले कामदार पठाउनेसम्बन्धी नियम उल्लङ्घन गर्दा त्यसको बेवास्ता गरे । जुन महिनामा भ्रष्टाचारसम्बन्धी मुद्दा हेर्ने विशेष अदालतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका पाँच जना अध्यागमन अधिकारी तथा चार जना म्यानपावर कम्पनीका प्रतिनिधिहरूलाई घुस काण्डमा दोषी ठहर गऱ्यो । उक्त काण्डमा एक स्थानीय नागरिक र दुई विदेशीले वैदेशिक रोजगारीका लागि अन्य व्यक्तिहरूको राहदानी प्रयोग गरेका थिए । अनगिन्ती किसिमका दर्ता नभएका र अनियन्त्रित दलालहरू, जसमा प्रायःगरी समाजका विश्वासिला पात्रहरू हुने गरेकाले कामदार भर्ना गर्ने प्रक्रियाको प्रभावकारी रूपमा अनुगमन गर्न गाह्रो पऱ्यो । कामदारहरूलाई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा आफ्नो नाम दर्ता गर्न र शुल्क तिर्न प्रोत्साहन गरियो । बोर्डले वैदेशिक कामदारहरूको स्थितिको अनुगमन गऱ्यो र कामदारका अधिकारहरू उल्लङ्घन भएका अवस्थामा क्षतिपूर्ति प्रदान गऱ्यो ।

सरकारले विदेश जाने कामदारहरूका लागि करारनामाहरू नेपालीमा अनुवाद गरिएको हुनुपर्ने र सबै कामदारलाई प्रस्थानपूर्व अभिमुखीकरण कार्यक्रममा उपस्थिति हुनैपर्ने प्रावधान तोकेको थियो । अभिमुखीकरणका बेला कामदारहरूलाई उनीहरूको अधिकारका बारे र आफ्नो अधिकारको उल्लङ्घन भएमा के-कस्तो कानूनी कदम चाल्न सकिन्छ भन्ने बारे सचेत गराइन्छ । तर त्यस्ता पहलको प्रभावकारितामा प्रश्न उठाउन मिल्ने धेरै ठाउँहरू रहे किनभने विदेश गएका कामदारहरू प्रायः अनिवार्य तालिममा सहभागी भएनन्, र धेरै कम्पनीहरूले तालिम नदिइकनै थौरै शुल्कमा प्रस्थानपूर्व अभिमुखीकरण तालिमको प्रमाणपत्र वितरण गरे । वैदेशिक रोजगार अन्तर्गत विदेशमा रहेका नेपाली कामदारहरूले प्रायः शोषणयुक्त परिस्थितिको सामना गरिरहे ।

अनौपचारिक क्षेत्रमा ठूलो सङ्ख्यामा कामदारहरू भए तापनि यस क्षेत्रले अर्थतन्त्रतमा कत्रो हिस्सा ओगटेको छ भन्ने बारे पुष्टि गर्न मिल्ने कुनै तथ्याङ्क उपलब्ध थिएन । नेपाल श्रमशक्ति सर्वेक्षणका अनुसार सन् २००८ मा गैरकृषि अनौपचारिक क्षेत्रमा १५ वर्ष वा सोभन्दा बढी उमेरका अन्दाजी २१ लाख ५० हजार व्यक्तिहरूलाई रोजगारी दिइएको थियो (जुन त्यस समयमा कुल गैरकृषि रोजगारको ७० प्रतिशत हिस्सा थियो) ।

कामदारहरूलाई कानूनले उनीहरूको स्वास्थ्य तथा सुरक्षालाई खतरामा पार्ने कार्य अवस्थाहरूबाट संरक्षण प्रदान गरेको छ । तर ससाना सहर तथा गाउँहरूमा अवस्थित साना तथा घरेलु उद्योगहरूमा रोजगारदाताहरूले कहिलेकाहीँ कामदारहरूलाई त्यस्ता अवस्थाहरूमा काम गर्न बाध्य बनाउँदै त्यसरी काम नगरेमा उनीहरूको जागिर गुम्ने खतरा रहेको बताए ।